का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक ३२१
❒ ३० पुस २०७८, शुक्रबार
❒ 14 January 2022, Friday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।

# लयमा फर्कनै मुश्किल

पाँच वर्षे स्थीर वाम सरकारको नेतृत्व गर्ने अवसर गुमाएको नेकपा एमालेको राजनीतिक मार्गचित्र अझै प्रष्ट हुन सकेको छैन । गएको वर्ष प्रतिनिधिसभा विटनको निर्णय गरेपछि एमाले एकपछि अर्को संकटमा पर्दै गएको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ पुस ।

आगामी माघ १२ गते हुने राष्ट्रियसभा निर्वाचनको तयारीमा रहेका राजनीतिक दलहरुलाई निर्वाचन आयोगले बोलाएको छ । सर्वदलीय बैठकका निम्ति आयोगले आज बिहान ११ बजे केन्द्रीय कार्यालयमा दलहरुलाई निम्तो दिएको छ । राष्ट्रियसभा निर्वाचनमा एमाले एक्लै प्रतिश्पर्धामा उत्रिएको छ । प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल एमालेले १९ वटै स्थानमा उम्मेद्वारी दर्ता गरेको छ ।

तर लगभग कतैपनि नजित्ने निश्चित छ । प्रदेश-१ मा झिनो आशा भएपनि बाँकी ६ वटा प्रदेशमा एमालेको पराजय निश्चित छ । प्रदेश-१ मा पनि राप्रपाले छुट्टै उम्मेद्वारी दिएकाले एमालेको संभावना न्यून छ । पाँच दलीय गठबन्धन (नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा) को भन्दा प्रदेश-१ मा एमाले एक्लैको मत धेरै छ ।

तर साना दलहरुले उम्मेद्वारी नदिएकाले गठबन्धनलाई सहयोग गर्ने संभावना बढी छ । राप्रपाले अलग्गै उम्मेद्वारी दिएको र साना दलहरुले गठबन्धनलाई सहयोग गर्दा एमाले पराजित हुनेछ । बाँकी प्रदेशमा गठबन्धनको प्रष्ट बहुमत छ ।

राष्ट्रियसभा चुनाव मात्रै नभएर एमाले राष्ट्रिय राजनीतिमै पराजित हुँदै आएको छ । गएको भदौ २ गते एमाले विभाजित भएपछि गठबन्धन सरकार – बाँकी पृष्ठ २ मा

# फेरि एक्लो पदाधिकारी !

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ पुस ।

नेकपा माओवादी केन्द्र फेरि एक पदाधिकारीबाट चल्ने परिस्थिति बनेर गएको छ । गएको ११-१५ पुसमा सम्पन्न आठौं राष्ट्रिय महाधिवेशनबाट पुष्पकमल दाहाल प्रचण्ड अध्यक्ष बनेका थिए । निर्विरोध अध्यक्ष बन्न प्रचण्डले अपनाएको शैलीप्रति माओवादी आलोचित बनेको थियो ।

नारायणकाजी श्रेष्ठको प्रस्ताव र कृष्णबहादुर महराको समर्थनमा प्रचण्ड निर्विरोध अध्यक्ष बनेका थिए । त्यसअघि महाधिवेशन हलमा प्रचण्डले आफू सहित २३७ केन्द्रीय सदस्यको नाम प्रस्तुत गरेका थिए । प्रचण्डले प्रस्ताव गरेको नाम हलले अनुमोदन भएपछि महाधिवेशन सकिएको थियो । महाधिवेशन सकिएपछि बसेको पहिलो केन्द्रीय कमिटी बैठकले प्रचण्डलाई अध्यक्ष चयन गरेको थियो ।

अध्यक्ष निर्विरोध भएपछि प्रचण्डले २५ पुसमै पदाधिकारीलाई पूर्णता दिने बताएका थिए । माओवादी केन्द्रले १५ सदस्यीय पदाधिकारीको व्यवस्था गरेको छ । वरिष्ठ उपाध्यक्ष सहित ६ उपाध्यक्ष, एक महासचिव, दुई उपमहासचिव र तीन सचिवको व्यवस्था माओवादी विधानमा छ ।

तर २५ पुसमा चयन हुने भनेको माओवादी पदाधिकारी चयन अनिश्चित बनेको छ । मुख्यगरी महासचिव पदका आकांक्षी धेरै देखिएपछि पदाधिकारी चयन हुन सकेको छैन । महासचिवमा वर्षमान पुन, जनार्दन शर्मा, देव गुरुङ र पम्फा भुसालको दावी छ । धेरै जना दावेदार भएपछि प्रचण्डले पदाधिकारी टुंग्याउन सकेका छैनन् । वरिष्ठ उपाध्यक्षमा भने नारायणकाजी श्रेष्ठको संभावना बलियो छ ।

बाँकी पदाधिकारीका आकांक्षी पनि धेरै भएपछि फेरि माओवादी केन्द्र एकल – बाँकी पृष्ठ २ मा

मन्त्री खतिवडा भन्छन्–

# अनावश्यक लकडाउन हुन्न



परिचमी सीमा नाका गड्डाचौकीमा भारतबाट फर्केका स्वास्थ्य परीक्षणका लागि होल्डिङ सेन्टरमा पालो पर्खँदै । तस्वीरः रासस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ पुस ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाले तत्काल लकडाउन नहुने बताएका छन् । बिहीबार कीर्तिपुर पुगेका मन्त्री खतिवडाले अनावश्यक लकडाउन नगर्ने पक्षमा रहेको बताएका छन् । संक्रमणको अवस्था हेरेर निर्णय लिइने मन्त्री खतिवडाले बताएका छन् । “हामी आत्तिएर, मात्तिएर लकडाउन नै समाधान हो भन्ने पक्षमा छैनौ”, मन्त्री खतिवडाले भने । यसअघि अन्य देशको सिको गर्दा लकडाउन गरिएको उनले बताए ।

कोरोना संक्रमणको शुरुमा बढी आतंक भएकाले एक दुई जनामा संक्रमण देखिदा पनि आत्तिएर त्यसको उपचार लकडाउन भनिएको मन्त्री खतिवडाले बताए । “युरोपेली देशहरूमा लकडाउन भनेको सुन्यौं । त्यसैअनुसार गर्‍यौं”, उनले भने । त्यसबेला बढी आतंकित भएकाले पनि लकडाउन गरिएको बताए ।

त्यो देशब्यापी लकडाउनले मृत्यु घटाए पनि आर्थिक, शैक्षिक, औद्योगिक, राजश्व, सामाजिक क्षेत्रमा ठूलो असर परेको मन्त्री खतिवडाले बताए । तर अब त्यसो नहुने बताए । सरकारले अवस्था हेरेर निर्णय लिने अधिकार स्थानीय प्रशासनलाई दिएको छ ।

संक्रमण देखिएको पहिलो वर्ष देशब्यापी लकडाउन गरिएको थियो । तर दोस्रो वर्ष भने देशब्यापी लकडाउन नभएर स्थानीय प्रशासनलाई निषेधाज्ञाको अधिकार दिइयो । तर पहिलो वर्ष भन्दा कोरोना महामारीको असर दोस्रो लहरमा धेरै देखिएको थियो । यसपटक पनि बितेको ९ दिनमा झण्डै १५ हजारमा संक्रमण पुष्टि भएको छ ।

बिहीबार मात्रै थप ३,५५३ जनामा संक्रमण पुष्टि भएको छ । १५,०८१ जनाको परीक्षण रिपोर्ट आउँदा बुधबार भन्दा पाँच सय बढीमा संक्रमण देखिएको हो । बुधबार ३,०७५ जनामा संक्रमण पुष्टि भएको थियो । लगातार संक्रमण बढेपछि रोकथामका निम्ति – बाँकी पृष्ठ २ मा

# साधारणसभा र निर्वाचन रोकिएकोमा प्रगतिशील मञ्च आक्रामक

## वृहत समझदारीको साक्षी बसेर व्यवसायीको हित नहुने एसोसिएसनको निष्कर्ष

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा र नयाँ कार्यसमितिका लागि तोकिएको निर्वाचन अनिश्चितकालका लागि स्थगित भएपछि वैदेशिक रोजगार व्यवसायीहरू बीच आरोप प्रत्यारोप गहिरिएर जाने संकेत देखिएको छ ।

मुलुकभर कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण बढेको र कोभिड क्राइसिस केन्द्रीय व्यवस्थापन समिति (सीसीएमसी)ले सतर्कता अपनाउन विज्ञप्ति जारी गरेपछि संघले मंगलबार साधारणसभा र निर्वाचनको कार्यक्रम अनिश्चितकालका लागि स्थगन गर्दै निर्वाचन समिति पनि विघटन गरेको थियो । संघको उक्त निर्णयप्रति प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले संस्थागतरूपमा गम्भीर आपत्ति जनाएको छ ।

संघ कार्यसमितिमाथि आर्थिक अनियमितता सम्मका विभिन्न आरोपहरू लगाउँदै मञ्चले व्यवसायीहरूले बुझाएको वार्षिक सदस्यता शुल्क (लेभी) समेत फिर्ता गरिनुपर्ने माग गरेको छ । – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## निर्वाचन समिति विघटन : कानूनी कि गैरकानूनी ?

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले केही पदमा निर्विरोध र केही पदमा निर्वाचनको प्रक्रिया जारी रहेको अवस्थामा कोरोना भाइरस संक्रमणको कारण देखाउँदै निर्वाचन समिति विघटन गरेपछि वैदेशिक रोजगार क्षेत्रका अगुवाहरूमा अहिले समिति विघटन गरिनु विधान विपरीत भन्ने प्रश्न उठेको छ ।

संघको विधानमा कार्यसमितिलाई निर्वाचन सम्पन्न नहुँदै निर्वाचन समिति विघटन गर्न पाउने वा नपाउने प्रष्ट व्यवस्था छैन । – बाँकी पृष्ठ २ मा

## नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९ औं निर्वाचनसहितको साधारणसभालाई संयुक्तरुपमा सम्पन्न गर्नका साथै आम व्यवसायीहरुको वृहत्तर हितका लागि संघका कार्यवाहक अध्यक्षज्यूको संयोजकत्वमा गठित सर्वपक्षीय बैठकबाट आगामी संघको कार्यसमितिको गठन सर्वसहमतिमा गर्ने निर्णयानुसार पाँच दलीय शुभेच्छुक संस्थाहरुलाई सहमति मई पद बाँडफाँड गरी संघद्वारा गठित निर्वाचन समितिसमेत चुनावी प्रक्रियामा अगाडी बढिरहेको अवस्थामा संघ कार्यसमितिबाट अनपेक्षितरुपमा निर्वाचन समिति भङ्ग गरिएको प्रति यस एशोसिएसनको **गम्भीर ध्यानाकर्षण** भएको छ ।

सर्वपक्षीय सहमतिको भावना विपरित आधिकारिक उम्मेद्वारको विरुद्धमा केही वागी उम्मेद्वारी पर्दा आपसी छलफलबाट सुझाई-बुझाई ती उम्मेद्वारहरुको फिर्ता प्रक्रिया निर्वाचन समिति समक्ष भइरहँदा सो पक्ष मध्येको **एक गणतान्त्रिक मञ्चबाट** आफनो भागमा नपरेको अध्यक्ष पदमा बागी उम्मेद्वारको रुपमा प्रस्तुत भई सहमतिय मर्ममाथि प्रहार गर्ने कार्य हुँदा पनि पुन : सर्वपक्षीय बैठक आह्वान गरी समस्याको निराकरणमा लाग्नु पर्नेमा निर्वाचन या नयाँ कार्यसमिति गठनमा **विलम्ब उन्मुख** परिस्थितिको सिर्जना भएकोले अब उप्रान्त यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले यो बृहत सहमतिको साँक्षी मात्र बसेर आम वैदेशिक रोजगार व्यवसायीहरुको हित र चाहनामाथि **कुठाराघात भएको परिदृश्य टुलुटुलु हेर्न नसक्ने** व्यहोरा जानकारी गराउँदै सम्पूर्ण वैदेशिक रोजगार व्यवसायी माझ आउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**नरेन्द्र प्रसाद ढकाल**
**अध्यक्ष**

**नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यबसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१,४४६६४२८

## प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको विज्ञप्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९ औं साधारणसभा पश्चात् हुने निर्वाचनका लागि सर्वपक्षीय सहमति गरेर सर्वसम्मत नयाँ कार्यसमिति बनाउने निर्णय गराउन यस मञ्चले नेतृत्वदायी भूमिका खेलेको सर्वबिदितै छ । सर्वसम्मत निर्णयलाई शिरोधार्य गर्दै यस मञ्चले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन समितिको निर्वाचन तालिका बमोजिम नै इमानदारीपूर्वक उम्मेद्वारी दर्ता गर्‍यो । उक्त सहमति बमोजिम नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनसँग आवद्ध उम्मेद्वार र नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चसँग आवद्ध जिम्मेवार व्यक्तिले सहमति बिथोल्ने गरी सहमति विपरीत उम्मेद्वारी दर्ता गरियो । सहमति अनुसार उक्त संगठनले सहमतिविरूद्ध उम्मेद्वारी दिने उम्मेद्वारहरुलाई फिर्ता गराउनु पर्नेमा उल्टै फिर्ता नगराएर सहमति तोड्ने र निर्वाचन भाँड्ने प्रपन्च रचियो ।

यो सहमति भाँड्न निर्वाचनको अन्तिम तयारीमा जुटेको निर्वाचन समितिलाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७८/०९/२८ गतेको च.नं. ९६/७८/८९ ले एक्कासी निर्वाचन समिति भंग गरेको छ । आम व्यवसायीको हित विपरीत, व्यवसायीविरुद्ध र विधानलाई कुल्चिएर जुन गलत कार्य नेपाल वैदेशिक रोजगार व्यवसायी संघको वर्तमान कार्यसमितिले गर्‍यो त्यो जघन्य विधान विपरीत कार्यको यस मञ्च घोर भर्त्सना र निन्दा गर्दछ ।

व्यवसायीमाथिको चौतर्फी आक्रमणलाई रक्षा गर्नका निमित्त यस पटक निर्वाचन सर्वसम्मत गर्न हाम्रो मञ्चले हदैसम्मको लचकता र त्याग गरेको थियो । यद्यपि व्यवसायी विरोधी तत्वहरुको षड्यन्त्रको मतियार स्वयं संघ कार्यसमिति नै बन्न पुग्यो । यस कार्यबाट आम व्यवसायीहरूले व्यवसायी विरोधी तत्वहरूलाई राम्रोसँग चिन्ने मौका पाएका छौं । सहमति र विधान विपरीत कार्य गर्ने संघ र तिनलाई मलजल गर्न केही व्यक्ति र संस्थाहरूलाई व्यवसायीहरुले गम्भीर भएर मुल्यांकन गर्नुहुने नै छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले व्यवसायीहरुको चुन्ने र चुनिने अधिकारलाई हरण गरेको प्रति यस मञ्च गम्भीर भएर त्यसको विरुद्धमा कडा प्रतिवाद गर्नेछ । व्यवसयी विरोधी निकृष्ट कार्य गर्ने, विधान विपरीत काम गर्ने र व्यवसायीको मर्म विपरीत सहमति तोड्ने जो कोही व्यवसायी विरोधी हुन् । विधान मिच्ने र निर्वाचन बिथोल्न जुन हर्कत संघले गर्‍यो उक्त निर्णय फिर्ता लिई कोभिड-१९ संक्रमणलाई मध्यनजर गर्दै स्वास्थ्य मापदण्डलाई ध्यानमा राखेर यथाशीघ्र निर्वाचन प्रक्रियालाई अगाडि बढाउन जोडदार माग गर्दछ । अन्यथा मञ्च कडा कदम चाल्न बाध्य हुने व्यहोरा यसै विज्ञप्तिमार्फत प्रष्ट पार्दछौं ।

**राजेन्द्र भण्डारी**
**कार्यबाहक अध्यक्ष**

**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल**
पिंगलास्थान, गौशाला, काठमाडौं, फोनः ०१-४४६४३०१, ४४६४७२६

## अस्पतालमा फैलियो कारोना

# ६० भन्दा बढी स्वास्थ्यकर्मीलाई कोरोना, सेवा प्रभावित



**काठमाडौं/मस-** काठमाडौं त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका चिकित्सकसहित ६० जनाभन्दा बढी स्वास्थ्यकर्मीमा कोरोना संक्रमण देखिएको छ।

एकैपटक ६० जनाभन्दा बढी चिकित्सक, नर्सलगायत स्वास्थ्यकर्मीमा कोरोना संक्रमण पुष्टि भएपछि अस्पतालको सेवा प्रभावित भएको छ।

अस्पतालका कार्यकारी निर्देशक डा दिनेश काफ्लेका अनुसार कन्ट्र्याक ट्रेसिङमा परेका चिकित्सक तथा स्वास्थ्यकर्मीको कोरोना परीक्षण गर्दा संक्रमण पुष्टि भएको हो।

अस्पतालको मेडिकल आईसीयुमा उपचारत बिरामीमा कोरोना संक्रमण देखिएपछि कन्ट्र्याक ट्रेसिङ गरी उनको उपचारमा खटिएका चिकित्सक, नर्सलगायत स्वास्थ्यकर्मीको परीक्षण गर्दा कोरोना पुष्टि भएको डा.काफ्लेले बताए।

बिहीबार बिहान र दिउँसो दुईपटकमा आएको रिपोर्टमा ६० जनाभन्दा बढीमा संक्रमण देखिसकेको जानकारी दिँदै उनले परीक्षण गराएकाहरुको रिपोर्ट आउन अझै बाँकी रहेको बताए। एकैपटक धेरै चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीमा कोरोना संक्रमण देखिएपछि अस्पतालको सेवा प्रभावित भएको छ।

डा. काफ्लेले हालसम्म अस्पतालमा सेवा बन्द नै नगरि एपनि वार्डहरुमा सिफ्ट गर्ने नर्सहरु अपुग भएको बताए।

ठूलो संख्यामा स्वास्थ्यकर्मीहरु कोरोना संक्रमित भएपछि वार्डहरु मर्ज गरेर सञ्चालन गर्ने तयारी भइरहेको उनले बताए। उनका अनुसार बाल रोग वार्ड दुई वटालाई मर्ज गरेर एउटा मात्र बनाइएको छ। यस्तै, अर्थोपेडिक्सको ३ वटा जनरल वार्डलाई पनि मर्ज गरिदै छ।

### फेरि....

पदाधिकारीबाट चलिरहेको छ। यसअघि लामो समय माओवादी केन्द्रमा प्रचण्ड एकल पदाधिकारी थिए। ६ जेठ २०७३ मा दश घटकबीच एकता गरी माओवादी केन्द्र बनेपछि प्रचण्ड अध्यक्ष बनेका थिए। बाँकी पदाधिकारी थिएन भने झण्डै चार हजार बढी केन्द्रीय सदस्य बनेका थिए। ३ जेठ २०७५ मा माओवादीले एमालेसँग एकता गरेपछि पनि प्रचण्ड अध्यक्ष रहे। एकताबाट बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा दुई अध्यक्ष र एक महासचिव पदाधिकारी थिए। महासचिव एमाले नेता विष्णुप्रसाद पौडेल हुँदा माओवादी तर्फबाट पदाधिकारीमा प्रचण्ड मात्रै थिए। तर नेकपाको एकता नजोगिए पछि पुनर्स्थापित माओवादीमा फेरि प्रचण्ड अध्यक्ष रहे।

### लयमा....

बनेको छ। ६३ सिट मात्रै जितेको काँग्रेस नेतृत्वको सरकारमा शेरबहादुर देउवा प्रधानमन्त्री छन्। एमालेबाट अलग भएका माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी सहित पाँच दलीय गठबन्धनले सातै प्रदेशमा सरकारको नेतृत्व गरिरहेको छ।

एमाले भने संघीय संसद् अवरोध गर्ने प्रतिपक्षी भूमिकामा सीमित छ। संघीय संसद् निरन्तर अवरोध गर्दा पनि एमाले राष्ट्रिय राजनीतिमा प्रभाव जमाउन सकेको छैन। किनभने बजेट पारित लगायत आवश्यक काम गर्न सरकारलाई एमाले अवरोध छेकेको छैन। एमाले सांसदहरुको नाराबाजी र रोष्टम घेराऊबीच संशोधित बजेट अनुमोदन भयो भने केही अध्यादेश पारित भयो।

एमालेले माधव नेपाल नेतृत्वको दलको संसद्मा अस्तित्व रहेसम्म अवरोध कायमै राख्ने अडान लिएको छ। त्यसका निम्ति सर्वदलीय बैठकमा समेत एमालेले भाग लिएको छैन। प्रधानमन्त्री देउवाले बोलाउने सर्वदलीय बैठकमा सहभागी नभएको एमालेका निम्ति आज निर्वाचन आयोगले बोलाएको बैठकले थप असहजता सिर्जना गरेको छ। लगातार मध्यावधि चुनावको वकालत गरिरहेको एमालेले स्थानीय चुनावबारे समेत छलफल हुने सर्वदलीयमा जाने वा नजाने संकट खेप्नुपर्ने भएको छ।

अध्यक्ष केपी शर्मा ओलीले केहीदिन अगाडि मात्रै सरकारले स्थानीय चुनाव गराउन नचाहेको आरोप लगाएका थिए। तर जब आयोगले त्यही चुनावबारे छलफल गर्न बैठक बोलाए, एमालेलाई फेरि पनि अप्ठ्यारो अवस्था आइलागेको छ। किनभने माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी हरेकजसो सर्वदलीय बैठकमा सहभागी हुँदै आएको छ। यसको अर्थ हो, एक वर्षदेखि लय गुमाएको एमालेलाई सामान्य अवस्थामा फर्कन सजिलो छैन।

### मन्त्री....

राजधानी उपत्यकामा उच्च सतर्कता अपनाउन स्थानीय प्रशासनले निर्देशन दिएको छ। संक्रमण फैलिन नदिन बिहीबारदेखि सार्वजनिक स्थलमा कडाइ शुरु गरेको छ।

संक्रमणदर बढेकाले घर बाहिर निस्कँदा मास्क लगाउने, सावधानी अपनाउनका लागि ३२ वटै वडाका विभिन्न स्थानमा माइकिङ गर्नेजस्ता काम सुरु गर्न थालेको छ। मास्क लगाउन, साबुनपानीले हात धुन, स्यानिटाइजर लगाउन, सामाजिक तथा भौतिक दूरी कायम राख्न, भीडभाड नगर्न पनि आह्वान गरिएको छ।

### साधारणसभा ....

निर्वाचन प्रक्रिया अघि बढिसकेको अवस्थामा कार्यसमितिले निर्वाचन समिति विघटन गर्नु संघको विधान अनुसारको काम नभएको मञ्चको भनाइ छ।

मञ्चका महासचिव डिक बहादुर केसी (कुमार)ले बिहीबार विज्ञप्ति जारी गर्दै व्यवसायीको हित रक्षाका लागि सहमतिमा नयाँ कार्यसमिति चयन गर्ने सर्वपक्षीय सहमति विपरीत नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेपाल वैदेशिक रोजगार गणतान्त्रिक व्यवसायी मञ्चसँग आवद्ध जिम्मेवार व्यक्तिहरुले सहमति बिथोल्ने गरी उम्मेद्वारी दर्ता गराएको र बागी उम्मेद्वारहरूलाई कारबाही गर्नुको सट्टा संघ कार्यसमितीलाई उचालेर निर्वाचन भाँड्ने र अवैधानिक ढंगले कार्यसमितिको कार्यकाल लम्ब्याउने प्रयत्न गर्नु घोर निन्दनीय र भर्त्सना योग्य रहेको उल्लेख गरेका छन्।

मतदानको अन्तिम तयारीमा जुटेको अवस्थामा निर्वाचन समिति भंग गर्ने निर्णय आम व्यवसायीको हितविपरीत हुने भन्दै विज्ञप्तिमा मञ्चले विधान विपरीत निर्वाचन समिति विघटन गर्ने निर्णय फिर्ता लिई कोभिड-१९ संक्रमणलाई मध्यनजर गर्दै स्वास्थ्य मापदण्ड अपनाएर यथाशीघ्र निर्वाचन प्रक्रियालाई अगाडि बढाउन पनि माग गरेको छ।

सर्वसम्मतिले नेतृत्व छनोट गरेर व्यवसायीमाथि भएको आक्रमणलाई परास्त गर्न र व्यवसायीका जायज मागहरुलाई निर्णयमा पुऱ्याउनको निमित्त मञ्चले यस पटक हदैसम्मको लचकता देखाएर त्याग गरेको भन्दै आम व्यवसायीले मुल्यांकन गर्नुपर्ने मञ्चको विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा संघलाई व्यवसायी विरोधी तत्वहरुको हालीमुहालीको स्थल बनाउन नहुनेमा जोड दिइएको छ।

संघ कार्यसमितिको प्रथम उपाध्यक्षमा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चद्वारा प्रस्तावित मञ्चका पूर्वअध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले संघ नेतृत्वले आम व्यवसायीबाट वैधानिकता गुमाएको भन्दै त्यसको विरोधमा संघमा तालाबन्दी गरिने बताए। संघ सिमित व्यक्तिको स्वार्थपूर्तिको माध्यम मात्रै बनेको भन्दै पाण्डेले संघको समानान्तर हुने गरी अर्को संघ जन्माउनु पर्ने अवस्था विकास भएको विषयमा व्यवसायीहरू बीच छलफल शुरू भएको समेत बताए। संख्या सयको समाधान, सेवा शुल्क परिमार्जनलगायत सुधारका काममा संघको भूमिका नदेखिएको भन्दै संकटको अवस्थामा लेभी मात्रै तिरेर संस्था राखिराख्नुको आवश्यकता समेत नदेखिएको उनको आक्रोश थियो।

संघका कार्यवाहक अध्यक्ष कमल तामाङले निर्वाचन समितिले पुस २७ गते नै सीसीएमसीले विज्ञप्ति उदृत गर्दै जिल्ला प्रशासन कार्यालयको अनुमति नभएमा साधारणसभा पछि निर्वाचन गराउन नसकिने पत्र पठाएकोले त्यसको भोलि पल्ट पुस २८ गतेमात्र निर्वाचन कार्यक्रम स्थगित गरिएको भन्दै कार्यकाल लम्ब्याउन प्रपञ्च रचेको भन्ने आरोप क्षणिक आवेग मात्रै भएको बताए।

सहमति जुटाउन नै पटकपटक उम्मेद्वारी फिर्ता लिने समय थप गराएको भन्दै कार्यवाहक अध्यक्ष तामाङले आफूले सहमतिको उच्चतम प्रयास गर्दागर्दै अध्यक्षमा सहमति नजुट्नु नै चिन्ताको विषय भएको दाबी गर्दै निर्वाचन स्थगित भइसकेको अवस्थामा आरोप प्रत्यारोपको अर्थ नरहेको टिप्पणी गरे। 'अब कसरी साधारणसभा र निर्वाचन गराउन सकिन्छ त्यसतर्फ सबैले सोच्नुपर्छ,' उनले भने।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले निर्वाचन समिति भंग हुनुलाई अनपेक्षित भन्दै त्यसतर्फ आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताएको छ। सहमतिको आधारमा नेतृत्व चयन गर्ने समझदारी विपरीत गणतान्त्रिक मञ्चका तर्फबाट आफ्नो भागमा नपरेको अध्यक्ष पदमा उम्मेद्वारी दिइएको अवस्थामा छलफलका माध्यमबाट समस्याको समाधानको पहल नभई नयाँ नेतृत्व छान्ने काम अनुचित विलम्ब उन्मुख भएकोले आगामी दिनमा बृहत समझदारीको साक्षी बसेर व्यवसायीको हित नहुने निष्कर्षमा एसोसिएसन पुगेको बताएको छ।

### निर्वाचन...

संघको निर्वाचनमा अध्यक्षका उम्मेद्वार भुवन सिंह गुरूङदेखि प्रगतिशील वैदेशिक रोजगार मञ्चले यो प्रश्नको कानूनी उत्तर खोजिरहेका छन्।

अधिवक्ता देवराज कटुवालले विधानमा उल्लेख नभएको भएपनि कार्यसमितिलाई निर्वाचन समिति भंग गर्ने अधिकार रहने बताए। उनले भने, 'कानूनमा संस्था जन्माउनेलाई मार्ने पनि अधिकार रहन्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता छ, नेपालको सर्वोच्च अदालतले पनि सोही अनुसार व्याख्या गरिसकेको छ।'

## इन्द्रसरोवर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर

## प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०९/३०**

प्रस्तुत विषयमा यस इन्द्रसरोवर गाउँपालिका अन्तर्गतको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा मार्फत लघु उद्यमी सृजना र स्तरोन्नती तर्फ उद्यमीहरुलाई सीप विकास तालिमहरु संचालन गर्नु पर्ने भएकाले व्यवसाय विकास सेवा प्रदायक संस्था छनौटका लागि आशय-पत्र माग बाट आएका संस्था मुल्याङ्कन गरि प्रारम्भिक सुचीमा परेका जनअधिकार सरोकार महासंघ, एकिकृत समाज विकास नेपाल र सहयोगी संस्था नेपालले यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०७८/१०/२९) भित्र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को अनुसूची ५ र ६ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नको लागि उद्यम विकास समितिको २०७८/०८/१८ गतेको निर्णयानुसार यो सुचना प्रकाशिन गरिएको छ।

**नोटः** अनुसूची ५ र ६ कार्यालयको आधिकारिक वेवसाइट www.indrasarowar.gov.np बाट डाउनलोड गर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## बेलौरी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
श्रीपूर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सुचना

**(प्रकाशित मितिः २०७८।०९।३०)**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सुचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.न | ठेक्का संकेत न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित ) | कैफियत |
|---|---|---|---|---|
| १. | BELMUN/NCB/W/078/079–2 (Construction of Blacktop Road at Nain Singh Shahi ko Ghar – Deepjyoti School Jane Bato & Deepjyoti School – Raju Chaudhary – East Side Jane Bato, Ward–01, Belauri Kanchanpur) | अमृत कन्स्ट्रक्सन, बेद्कोट -०७, कन्चंनपुर | २३,७६,१६१.५० /- | |


## साउदीमा रोजगार

१. कम्पनी : Al Mumayaz Alsataa Car Wash शहर : JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/०९/२९ चलानी नं.: ६०१७२६७६ LT. No.: 256105

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : BUILT CONTRACTING CO. शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०९/२९ चलानी नं.: ६०१७२६७७ LT. No.: 256217

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Architect Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,७१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Whole Vehicle Driver | 5 | 0 | | 1800 | ५६,५७४ | | | | | | | |

३. कम्पनी : Supply Support Company Limited is a one-person company शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०९/२९ चलानी नं.: ६०१७२६७५ LT. No.: 256218

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी : Emtyaz Catering Company शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०९/२९ चलानी नं.: ६०१७२६७८ LT. No.: 256219

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी : Emtyaz Catering Company शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०९/२९ चलानी नं.: ६०१७२६७९ LT. No.: 256216

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 100 | 0 | स. काममा दक्ष | 1100 | ३४,५७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ७ गते (21 January 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gov. Lic. No. 709/064/065
**FAZAL INTERNATIONAL PVT. LTD.**
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210


## मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मुसिकोट, रुकुम(पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## वोलपत्र स्विकृत गर्ने आशयको सुचना

**मिति : २०७८/०९/३०**

उपरोक्त सम्वन्धमा यस कार्यालयवाट मिति २०७८/०८/१३ गते हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित सुचना वमोजिम दर्ता हुन आएका वोलपत्रहरु मुल्यांकन हुंदा तपसिल वमोजिमको वोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) वमोजिम न्युन मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई मिति २०७८/०९/२५,२६,२७ र २८ गतेको वोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार स्विकृतिका लागि छनौट भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सुचना प्रकाशित गरिएको छ।

| सि.नं. | कामको विवरण | वोलपत्र संख्या | वोलपत्रदाता | वोल कवोल रकम (मू.अ. कर वाहेक) | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1 | Construction and Upgrading of Chhibangjiula – Dopai Road | NCB/MM/ Road.01_078/079 | M/S Rupak Nirman Sewa, Simli 09, Rukum | 67,25,452.10 | 41.62 % Less |
| 2 | Construction of Water Supply Project 04 (Tap for each house) | NCB/MM/ WSP.02_078/079 | M/S Technical Engineering Design Consultancy and Construction Pvt.Ltd., Anamnagar, KTM. | 36,16,756.80 | 47.03 % Less |

**Chief Administrative Officer**

# ‘जनताको स्वास्थ्यप्रति प्रदेश सरकार प्रतिवद्ध छ’

**पोखरा/मस-** गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री मधुमाया अधिकारी (गुरुङ) ले जनताका स्वास्थ्य सम्वन्धि नैसर्गिक अधिकारको रक्षा गर्न सरकार प्रतिवद्ध रहेको बताएकी छिन् । प्रदेश सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा पोखरा वृद्धाश्रममा स्थापित प्रदेशको पहिलो सामुदायिक जोरियाट्रिक(जेष्ठनागरिक वार्ड) स्वास्थ्य सेवाको शुभारम्भ गर्दै उनले भौतिक पूर्वाधार तथा दक्ष जनशक्ति व्यवस्थापन सरकारको पहिलो प्राथमिकता रहेको बताइन्।



कोभिड १९ को तेश्रो लहर ओमीकोनको संक्रमणबाट जोगिन उच्च मनोवलका साथ पूर्णरुपमा स्वास्थ्य मापदण्डको पालन गर्नु अपरिहार्य भएको बताउँदै मन्त्री अधिकारीले प्रदेश सरकारले नागरिकलाई सर्वसुलभ रुपमा खोपको व्यवस्थामा गर्दै आएको बताइन् । प्रदेशमा कोभिडको कारण ज्यान गुमाउने परिवारका लागि जनही ५० हजार र आश्रित बाबबालिकाका लागि मासिक पाँच हजार रुपैयाको व्यवस्था गर्नका लागि आवश्यक कार्य विधि तयार भई रहेको उनले जानकारी दिइन्।

पोखरा बृद्धाश्रमले समाजका विपन्न, असहाय र बेवारिसे अवस्थाका जेष्ठनागरिकलाई सेवा प्रदान गरेर राज्यको भूमिका निर्वाह गरेको बताउँदै मन्त्री अधिकारीले प्रदेश सरकारबाट आश्रम सञ्चालनका लागि आवश्यक सहयोग रहने विश्वास व्यक्त गरिन्। पोखरा वृद्धाश्रमका अध्यक्ष कुशुमकेशव पराजुलीले जोरियाट्रिक सेवा सञ्चालनसँगै बृद्धाश्रमका आमाबुबाको लागि मात्र नभई समाजका सम्पूर्ण जेष्ठनागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिने जानकारी दिइन्।

दक्ष जनशक्तिद्धारा स्वास्थ्य परिक्षण, उमेर समुहका आधारमा जेष्ठ नागरिकमा देखिने समस्याको समाधान, औषधि सेवन लगायत आवश्यक सुविधा उपलव्ध गराउन जोरियाट्रिक सेवा प्रभावकारि हुने विश्वास व्यक्त गर्दै उनले यसको निरन्तरताको लागि तीनै तहका सरकारको साथ र सहयोग आवश्यक रहने बताइन्। आश्रममा हाल विभिन्न जिल्ला र समुदायका ४५ जना जेष्ठनागरिक सहित ५५ जना छन् ।

कार्यक्रममा बृद्धाश्रमको निरन्तरताको लागि सञ्चालित अक्षयकोषमा ५५ हजार ५५५ प्रदान गर्ने केदारनाथ अधिकारी र २५ हजार १२५ रुपैयाँ प्रदान गर्नुहुने सुन्दर विजय कोइराला तथा बृद्धाश्रमका उत्कृष्ट कर्मचारी लक्ष्मी सुवेदीलाई सम्मानपत्रले सम्मान गरिएको थियो । कार्यक्रममा जेष्ठनागरिक महासंघ गण्डकीका उपाध्यक्ष गुमानसिंह कार्की, जेष्ठनागरिक सरोकार समाजका इच्छाबहादुर वाग्ले, पोखरा वृद्धाश्रमका सचिव केशव लम्साल, कोषाध्यक्ष धर्मबहादुर गुरुङलगायतले बृद्धश्रमको महत्व र जोरियाट्रिक वार्डको आवश्यकताका बारेमा चर्चा गरेका थिए ।

# सरकार लकडाउन गर्ने पक्षमा छैन : स्वास्थ्यमन्त्री

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्री बिरोध खतिवडाले सरकार लकडाउन गर्ने पक्षमा नरहेको बताएका छन् ।

कीर्तिपुर अस्पतालमा बिहीबार आयोजित कार्यक्रमपछि बोल्दै मन्त्री खतिवडाले यसअघि अन्य देशहरुको कुरा सुनेर लकडाउन गरेपनि अब आवश्यक ठाउँ हेरेर मात्रै लकडाउन गरिने बताए ।

उनले यसअघिका लकडाउनले देशको आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा धेरै असर गरेको भन्दै अब लकडाउन नै समाधान हो भन्ने किसिमबाट सरकार नजाने बताए । मन्त्री खतिवडाले सरकारले स्वास्थ्य क्षेत्रमा विशेष तयारीका साथ काम गरिरहेकोले लकडाउन हुन्छ भनेर आत्तिनु नपर्ने पनि बताए ।



‘शुरुका बेलामा आतंक बढी भएको हुनाले एक, दुईवटा सामान्य लक्षण देख्दा पनि यसको उपचार लकडाउन भनेर गऱ्यौं ।

जति जानेको थियो त्यति गऱ्यौं । विश्वमा, युरोपेली देशहरुमा लकडाउन भनेको सुन्यौं, यो नयाँ कुरा भयो, त्यसैअनुसार गऱ्यौं। हामी पनि आतंकित भयौं ।

गर्नुपर्ने बेलामा गरेनौं, अघि पछि गऱ्यौं’ उनले थपे, ‘त्यसले केही मृत्युदर घटायो होला भन्ने अनुमान गर्न सकिन्छ । तर त्यसले परेको शैक्षिक क्षेत्रको असर, औद्योगिक, राजश्व, सामाजिक क्षेत्रका अनेक कामहरुलाई पुगेको क्षति, नदेखिने यो क्षति मृत्यु भन्दा पनि भयावह ढंगले भयो । मन्त्री खतिवडाले कोरोनाको तेस्रो भेरियन्टबाट बच्न होशियार रहनुपर्ने भन्दै मास्क र स्यानिटाइजर अनिवार्य प्रयोग गर्न आग्रह गरे ।

उनले कोरोनाको पहिलो र दोस्रो डोज लगाएर सुरक्षित बस्न पनि आग्रह गरे । मन्त्री खतिवडाले विज्ञहरुले बुस्टर डोज लगाएपछि तेस्रो भेरियन्टबाट बच्न सहज हुने बताएकोले आउँदो माघ पहिलो हप्ताबाट अग्रपंक्तिमा रहेर काम गर्नेहरुलाई बुस्टर डोजको व्यवस्था गरिएको बताए ।

माघको दोस्रो हप्तामा ६० वर्ष माथिको उमेरसमूहका नागरिक र तेस्रो वा चौथो हप्ताबाट आम नागरिकहरुलाई कोरोनाविरुद्धको बुस्टर डोज उपलब्ध गराउने पनि उनले बताए ।

# प्याराग्लाइडिङको परीक्षण उडान सफल

**म्याग्दी/मस-** म्याग्दीको धवलागिरि गाउँपालिका-७ स्थित धार्मिक पर्यटकीयस्थल ताकमकोतबाट साहसिक मानिने प्याराग्लाइडिङको परीक्षण उडान सफल भएको छ ।

भ्रमणाको क्रममा आएका अष्ट्रियाका एक नागरिकले बिहीबार ताकमकोत परिसरबाट प्याराग्लाइडिङको उडान गरेका थिए ।



समुन्द्री सतहदेखि दुई हजार ५०० मिटर उचाइमा रहेको कोत परिसरबाट प्याराग्लाइडिङको उडान गरेका उनले करिब आधा घण्टा आकासमै बिताएर ताकमको किमचौर फाँटमा अवतरण गरेको स्थानीयवासी कृष्णराज पौडेलले जानकारी दिए ।

उनले भने, ‘यो ताकमकोतबाट भएको पहिलो प्याराग्लाइडिङ हो, आँखै अगाडि देखिने मनोरम हिमशृंखलाको अवलोकन गर्दै उहाँले प्याराग्लाइडिङ गर्नुभयो, यहाँबाट प्याराग्लाइडिङको उडान गर्ने सम्भावनालाई उजागर भएको छ।’

ताकमदेखि मोटरसाईकल हुँदै कोत परिसर पुगेर पर्यटकले आकासमा प्याराग्लाइडिङ गरेका थिए । खुला आकासमा चराजस्तै उडेर वरिपरिका हिमालको अवलोकनसँगै भू-सतह नियाल्नुको आनन्दले लोभ्याएको उनले प्रतिक्रिया दिए ।

ऐतिहासिक ताकम कोत मन्दिर पुनःनिर्माण गरी अन्य पर्यटन पूर्वाधार निर्माण भइरहेको अवस्थामा प्याराग्लाइडिङको सफल उडान भएपछि स्थानीयवासी उत्साहित बनेका छन् । ताकम गाउँको शिरमा रहेको यो कोतमन्दिर १६औं शताब्दीमा तत्कालीन राजाले निर्माण गरेका थिए ।

पूजाआजा र भाकल गरेमा मनोकांक्षा पूरा हुने विश्वासका साथ विजया दशमीको नवदुर्गा, जेष्ठ पूर्णिमा, मङ्सिर पूर्णिमा, चैत्राष्टमी पर्वका अवसरमा पूजाआजा र भाकल गरी बलि चढाउन यस कोतमा भक्तजनको घुइँचो लाग्नेगर्छ ।

कोत घरको रूपमा समेत प्रयोग भएको उक्त मन्दिरमा ऐतिहासिक महत्वका तोप, तरबार, खुँडा, खुकुरी, ढाललगायतका हातहतियार छन् ।

ताकमकोतबाट बाइसे/चौबीसे राज्यका पालामा थापा राजाले २०० वर्षसम्म राज्य सञ्चालन गरेको इतिहास छ । धार्मिक दृष्टिकोणमा महत्वपूर्णस्थलको रुपमा परिचित ताकमकोत क्षेत्र पर्यटकीय दृष्टिकोणमा समेत सम्भावनायुक्त क्षेत्र हो । यहाँबाट गुर्जा, धौलागिरि, निलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमशृंखलाको साथै मनोरम पहाडी भूगोल, ग्रामीण बस्ती र सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ ।

# मियाँको हत्या आरोपमा ५ जना पक्राउ

**काठमाडौं/मस-** भारतीय नागरिक मुख्तार मियाँको हत्या आरोपमा पर्सा प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ ।

भारत बिहार जिल्ला वैशाली ग्रामपञ्चायत महुवा घर भई वीरगञ्ज महानगरपालिका-३ छप्कैया बसेर इ-रिक्सा चलाउँदै आएका ४५ वर्षीय मियाँको हत्या आरोपमा ५ जनालाई जिल्ला प्रहरी कार्यालय पर्साले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरूमा पर्सा छप्कैया बस्ने भारत बिहार पूर्वी चम्पारण मोतीहारी घर भएका ३० वर्षीय सुनिल कुमार, बारा परवानीपुर गाउँपालिका-५ बस्ने २२ वर्षीय निकेश पटेल, पर्सा छप्कैया बस्ने भारत बिहार मुंगेर थाना हवेली खडपपुर ग्राम बैजरपुर घर भएका ५५ वर्षीय सपन मण्डल छन् ।

यस्तै, छप्कैया बस्ने भारत बिहार घर भएका बक्सर भन्ने ३५ वर्षीय नाजिर हुसैन र छप्कैया बस्ने ५० वर्षीय बाबर हुसैन रहेका छन्। जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरूलाई उनीहरूकै आ-आफ्नो घर ठेगानाबाट पक्राउ गरेको हो ।

प्रदेश-२-०३-००१ ह ६६९ नम्बरको इ-रिक्सा चालक मुख्तार यही पुस २१ गते साँझ आफ्नो रिक्सासहित हराएका थिए । प्रहरीले वीरगञ्ज महानगरपालिका-२३ इटियाहीस्थित नारायणी बयोधा अस्पतालको पछाडिपट्टि नहरमा पुस २२ गते मुख्तारको शव फेला पारेको थियो । अनुसन्धानको क्रममा मृतकको रिक्सा, अभियुक्त सुनीलको १ थान अटो, घटनामा प्रयोग भएको १ थान फलामको रेन्च, आरोपितहरूको २ थान मास्क, रगत लागेको २ थान सर्ट, रगत लागेको १ थान ज्याकेट, रगत लागेको १ जोर जुत्ता र सिसीटिभी फुटेजहरू लगायत प्रहरीले बरामद गरेको छ ।


## माइग्रेशन सर्टिफिकेट हरायो

मिति २०७८/०८/०२ गते बसुन्धारा चौकी देखि थानकोटसम्म जाँदा मेरो निम्न व्यहोरा भएको 10+2 को माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

**नामः अजय सिंह**
**रजिष्ट्रेशन नं.:६९४९०६०१५**
**सिम्बोल नं:२४९००९६९**
**सर्म्पक नं.:९८६०७५२२५१**



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/१०/२८ मा दर्ता भएको **प्रा.लि. नं. १४५०७३** को **म्यानेजमेन्ट इन्फरमेशन सेयरिङ सेन्टर प्रा.लि.** को मिति २०७८/०९/२९ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com



# कटहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कटहरी, मोरङ
## १ नं.प्रदेश

## बालुवा र भरौट विक्री कर संकलन गर्न (E-BID) ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना !!!

**प्रथम पटक प्रकाशित मितिः २०७८/०९/३०**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम कटहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक बालुवा, बिक्री शुल्क संकलन गर्न तपशिल बमोजिमको खोलाबाट तोकिएको परिमाणमा बिक्री शुल्क संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपरे काले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ताप्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७७/७८ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको बोलपत्र आह्वान गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट सहित) | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | KRM/NCB-28/2078/079 | लोहन्द्रा खोला | कटहरी गाउँपालिकाको सतारी घाट, हुरहुरिया घाट, मर्चनिया घाट, बबिया घाट धनपालथान गाउँपालिकाको वालुघाट र रामघाट । | १४९२०४५.३३ | ७३,९७,२७४- | ३०००- |

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुर ठेक्का नं.२८/०७८/०७९ को लागि रु ३०००।- (तीन हजार) मात्रको यस कार्यालयको रा.बा.बैंक कटहरी शाखाको खाता **नं.२१९०१००३०१०१०००२** मा दाखिला गरि **PPMO** को वेभसाईट **http://bolpatra.gov.np/egp** मार्फत सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र बोलपत्र **E-Bidding** द्वारा खरिद गर्नुपर्नेछ ।
२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ (एकतीसौ) दिन दिनको १२:०० बजेसम्म अनिवार्य **online** दर्ता गराउनुपर्नेछ ।
३. बोलपत्र दर्ता भएको ३१(एकतीसौ) दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहावरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।
४. बोलपत्रमा ठेक्का कबोल रकमको ५ प्रतिशतले हुने रकम कटहरी गाउँपालिकाको नाममा रहेको रा.बा.बैंक कटहरी शाखाको **हि.न. २१९०१००३०३०००००२** धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि वा सम्बन्धित निकायबाट म्याद थप गरेको प्रमाणको प्रतिलिपि साथै स्वःघोषण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
५. बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्काको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखी छाप लगाई पेश गर्नु पर्नेछ ।
६. बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
७. बोलपत्र दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त सो को लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।
८. बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र खोलिनेछ ।
९. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ सात दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत धरौटी रकम जफत हुनेछ ।
१०. ठेक्कमा सम्झौताको समयमा बोलपत्रदाताले पहिलो किस्ता वापत कबोल अंकको ४० प्रतिशत जम्मा गर्नुछ पर्ने र बाँकी २ किस्ता मध्ये दोस्रो किस्ता ४० प्रतिशत बापत २०७८ चैत्र मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०७८ बैशाख मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ ।
११. सम्पुर्ण रकम एकमुष्ट नबुझाइ किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का सम्भौता गर्न आउदा कति रकम बुझाउन बाकी रहन्छ सो बराबर को नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैकबाट २०७९ असार मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।
१२. ठेक्काको अवधि २०७८ फागुन देखि २०७९ जेष्ठ मसान्तसम्मको लागि मात्र हुनेछ ।
१३. बोलपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पुर्ण रकम एकमुष्ट बुझाउदा १० प्रतिशत रकम छुट सुविधा दिन सकिनेछ ।
१४. बालुवा बिक्री शुल्क प्रति घनफिट ४.७५ रुपैयाका दरले र भरौट बिक्रि शुल्क प्रति घनफिट ३.०० रुपैयाका दरले संकलन गर्नुपर्नेछ ।
१५. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।
१६. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
१७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।
१८. केरमेट भएको, सही छाप नभएको, म्याद नाघी दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन ।
१९. बोलपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा गाउँपालिका निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।
२०. यस सुचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ
२१. बालुवा र भरौट बिक्री शुल्क तथा प्राकृतिक धारा किनारा घाट कुल कुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी पुलको ५ सय मिटर उत्तर दक्षिण छाडेर मात्र बालुवा र भरौट उठाउन पाउनेछ ।
२२. नदीको दुवै किनार २५/२५ प्रतिशत भाग छोडी बालुवा र भरौट संकलन गर्न पाइनेछ ।
२३. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही बालुवा र भरौट संकलन गर्नु पर्नेछ ।
२४. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।
२५. ठेक्का तथा विड डकुमेन्ट सम्बन्धि अन्य जानकारीको लागि बोलपत्रदाताले **http://bolpatra.gov.np/egp** मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# रोगसँगै भोकको सवाल

कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनका कारण नेपालमा संक्रमित संख्या तीव्र गतिमा बढेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, बिहीबार थप ३,५५३ जनामा संक्रमण पुष्टि भएको छ । बुधबार भन्दा यो झण्डै पाँच सयले बढी हो । बुधबार ३,०७५ जनामा संक्रमण पुष्टि भएको छ । बिहीबार १५,०८१ जनाको परीक्षण रिपोर्ट आउँदा पाँच सय बढीमा संक्रमण पुष्टि भयो । कोरोना संक्रमण समुदायस्तरमा फैलिएपछि सरकारले प्रतिबन्धात्मक व्यवस्थाको निर्णय गरेको छ । विद्यालयहरू बन्द गरिसकेको छ भने भीडजन्य गतिविधिमा रोक लगाएको छ । कोरोना संक्रमण रोकथामको उच्च सतर्कता नअपनाए कारबाही गर्ने राजधानी उपत्यकाका स्थानीय प्रशासनले निर्णय गरेको छ ।

तर भीडजन्य गतिविधि रोकिएको छैन । मंगलबार मात्रै पृथ्वीनारायण शाहको ३००औं जयन्तीमा हजारौं मानिस सडकमा उत्रिएका थिए । पूर्वराजा ज्ञानेन्द्र शाह समेत सडकमा निस्किएपछि देशको प्रमुख प्रशासकीय केन्द्र सिंहदरबार परिसरको सडक घण्टौ अवरूद्ध हुन पुगेको थियो । राजतन्त्र पुनर्स्थापनाको माग गर्नेहरूको मात्रै नभएर मुलुकको नेतृत्व गरिरहेका प्रमुख राजनीतिक दलहरूको गतिविधि समेत रोकिएको छैन । विपक्षी दल नेकपा एमालेको देशभर जिल्ला अधिवेशन यही अवधिमा चलिरहेको छ । गएको पुस २३ गतेदेखि जारी अधिवेशनमा भीडभाड चलिरहेको छ । यो भनेको अघिल्ला वर्षहरू जस्तै दुखद् नियति दोहोरिन पुगेको छ । अघिल्ला वर्षहरूमा पनि यस्तै राजनीतिक गैरजिम्मेवारी देखिएको थियो । जसको कारण कोरोना महामारी डढेलो जसरी फैलिन पुगेको थियो । लामो समय लकडाउन र निषेधाज्ञा गरिएको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाले यसपटक निषेधाज्ञा नहुने बताएका छन् । तर निषेधाज्ञा नहुने मन्त्रीले बताएर मात्रै पुग्दैन । बरू मन्त्री खतिवडा आफ्नै अग्रसरतामा निषेधाज्ञा नहुने परिस्थिति सिर्जना गरिन आवश्यक छ । यदि संक्रमणको दर उच्च भएमा निषेधाज्ञा निर्विकल्प बन्न पुग्छ । किनकि नागरिकको जीवन रक्षासँग अरू घटनाको तुलना हुन सक्दैन । सँगै नागरिकलाई रोगबाट मात्रै नभएर भोकबाट समेत जोगाउनु सरकारको र राजनीतिक नेतृत्वको दायित्व हो । संक्रमण बढेर जाँदा नागरिकमा भोक टार्ने समस्या अघिल्ला पटक पनि देखिएको थियो । त्यसैले यसपटक नागरिकलाई रोगबाट मात्रै नभएर भोकबाट समेत जोगाउन संक्रमणको रोकथाम उच्च प्राथमिकतामा राख्न जरूरी छ ।

# पुँजीवादी व्यवस्थाका संकटहरू

पुँजीवादी व्यवस्था रहेसम्म आर्थिक संकटहरु रहिरहन्छन् अनि आइरहन्छन् । त्यो संकटले उत्पादक शक्तिको विनाश गरिरहन्छ । जसलाई सचेत प्रयत्नद्वारा क्रान्तिकारी दिशामा रुपान्तरण गर्न सकिन्छ भन्ने मान्यता नै मार्क्सवादी राजनैतिक अर्थशास्त्रको मूलभूत मान्यता हो ।

### अग्रलेख




● शेरबहादुर विश्वकर्मा

पुँजीवादी व्यवस्था रहेसम्म आर्थिक संकटहरु रहिरहन्छन् अनि आइरहन्छन् । त्यो संकटले उत्पादक शक्तिको विनाश गरिरहन्छ । जसलाई सचेत प्रयत्नद्वारा क्रान्तिकारी दिशामा रुपान्तरण गर्न सकिन्छ भन्ने मान्यता नै मार्क्सवादी राजनैतिक अर्थशास्त्रको मूलभूत मान्यता हो । पुँजीवादी उत्पादन सम्बन्धमा आइरहने चक्रिय संकटलाई सरल र सहज रुपमा बुझाउन र संकटको पुँजीवादी विरोधाभाषाबारे स्पष्ट गर्ने उद्देश्यले एकजना भारतीय मार्क्सवादी विद्वान् नरेन्द्र कुमारले आफ्नो किताबमा विशेष व्याख्या गरेका छन् । उनले लेखेका छन्, "एउटा कोइला मजदुरको बच्चाले कठ्याङ्गिदो चिसो रातिमा आमालाई भनेछ, "आमा आगो बाल्नुहोस्, यस्तो ठण्डी धेरै सहन गर्न गाह्रो भो", आमाले एकदमै उदास स्वरमा भनिन्, "घरमा कोइला छैन", फेरि बच्चाले सहजभावमा सोध्यो, "किन ?" अनि आमाले अलि चर्को र व्यांग्यात्मक लवजमा भनिन्, "किन कि कोइलाको उत्पादन अति ज्यादा हुन गएको छ ।" आमाको उत्तरमा निहित अन्तरविरोधी पक्षको बारेमा उसले नबुझे पछि बच्चा उदासीन र मलिन अनुहारसहित ऊ घोक्राइरह्यो । त्यसपछि बच्चालाई आफ्नो काखमा राख्दै आमाले शान्त स्वभावले भनिन्, "कम्पनीले कोइलाको उत्पादन ज्यादा गरिदियो, बजारमा मागको कमी भयो, माग घटेपछि कम्पनीले खानी बन्द गरिदियो, अनि तिम्रो बाबाको नोकरी पनि गुम्यो, बाबु तिमीलाई थाहा छ, जब तिम्रो बाबाको नोकरी छुट्यो, तब देखि घरमा यति पनि पैसा छैन कि जसले छाक टार्न रोटी किन्न सकुँ, भने छाप्रोलाई न्यानो बनाउन कोइला कसरी किन्न सक्नु, कम्पनीले त कोइला मुनाफाका लागि बेच्छ, उसले बिना पैसा हामीलाई कोइला किन दिनु ।"

पुँजीवादका कैयौं विशेषता, चरित्र र विरोधाभाषी नियमहरुमध्ये हामीले बुझ्नै पर्ने दुईवटा मुख्य स्वभाव छन् - नाफा र पुँजीको विस्तारित पुनरुत्पादन । के उत्पादन गर्ने, कति उत्पादन गर्ने, किन उत्पादन गर्ने, कहाँ उत्पादन गर्ने, भन्ने कुराको निर्क्योल ती वस्तु तथा सेवाहरुले पुँजीपतिलाई नाफा प्राप्त भइरहेको छ वा छैन भन्ने कुराहरुले निर्धारण गर्दछन् । कुनै वस्तु तथा सेवा समाजका लागि उपयोगी छन् वा छैनन्, वस्तुले सामाजिक नैतिकता र मर्यादा प्रतिकुल असर गर्छ वा गर्दैन, यो कुनै निर्णायक विषय हुँदैन, मुख्य कुरा नाफा प्राप्ति हुन्छ वा हुन्न भन्ने मान्यता राखिन्छ । जाँड रक्सी, लागू औषधदेखि वेश्यावृत्तिसम्म पुँजीवादका लागि क्रय-बिक्रय गर्न सकिने वस्तुहरु हुन ।

यहाँ पुँजीवादी व्यवस्थामा उत्पादन पद्धति के हुन्छ भन्ने बारे विस्तारित पुनरुत्पादनको बारेमा अलिकति चर्चा गरौं । वस्तु उत्पादन प्रणाली प्रारम्भ हुन अघिका प्रणालीहरुमा वस्तु-मुद्रा र फेरि वस्तुको सूत्रअनुसार वस्तुको परिचालन हुन्थ्यो । वस्तु उत्पादन गर्ने, मुद्रामा विनिमय गरेर आफूसँग नभएको अर्को वस्तु किन्ने वा विनिमय गर्ने । तर, पुँजीवादी उत्पादन प्रणालीमा यो सूत्रलाई उल्ट्याइन्छ, मुद्रा-वस्तु-मुद्रा । मुद्राको परिचालन स्थिर र परिवर्तनशील साधनहरुमा गरिन्छ, वस्तु उत्पादन हुन्छ र त्यो बिक्री गरेर पुनः पहिलेको लगानीभन्दा पुँजीको सञ्चयमा बढोत्तरी हुन्छ ।

भूमि, भवन र मेसिनजस्ता उत्पादनका साधनहरुमा मानवीय (परिवर्तनशील साधन-ज्यालादारी श्रम)को संयोजन गरिन्छ र निरपेक्ष तथा सापेक्ष अतिरिक्त श्रमको शोषणद्वारा कुल पुँजीमा वृद्धि हुन्छ । यसलाई अर्को तरिकाद्वारा पनि भन्न सकिन्छ, जस्तो कि भूमि, पुँजी र संगठनको रुपमा उत्पादनका साधनहरुमा कुल आयको वितरण गर्ने प्रक्रियामा भूमि, पुँजी र उद्यमीको भागमा सम्पत्तिको केन्द्रिकरण हुँदै जान्छ, पुँजी र उपयोग मूल्यको सर्जकको रुपमा रहेको श्रमिक वर्गको क्रयशक्ति घट्दै जान्छ, उनीहरुको श्रमशक्तिको शोषणद्वारा पुँजीपतिहरुको स्थिर पुँजीमा वृद्धि हुँदै जाने प्रक्रियामा उत्पादित मालको माग घटछ । यसैलाई पुँजीवादी अर्थशास्त्रीहरुले प्रभावकारी मागको कमी भनेर पनि व्याख्या गरेका छन् ।



> पुँजीवाद नाफा प्रेरित अर्थ प्रणाली हो । नाफा बिना यो एकछिन् पनि बाँच्न सक्दैन । यसका लागि पुँजीपतिहरुबीच जुन प्रतियोगिता चल्छ, त्यसले बजारको माग र उत्पादनको परिणामबीच एउटा भयनाक असन्तुलन ल्याइदिन्छ । नाफाको दौडमा रहेका पुँजीपतिहरुले त्यहाँ र त्यो वस्तुमा लगानी गर्दछन् जहाँ र जुन वस्तुको नाफा दर उच्च छ ।

यो व्यवस्थामा आइरहने संकटलाई मन्दी, संकट, पुनरुत्थान र समृद्धिको चक्रको रुपमा पनि बुझ्न सकिन्छ । यसरी आवधिक रुपमा आउने पुँजीवादी संकटको खास कारण बारे एंगेल्सले यसरी लेखेका छन्- उत्पादनको सामाजिक चरित्र र उपभोगमा व्यक्तिगत स्वामित्वले निम्त्याएको भयानक बिस्फोट । नाफा, पुँजी सञ्चय र पुँजीको विस्तारित पुनरुत्पादनले ज्यालादारी श्रमिक वर्गको अतिरिक्त मूल्यको शोषणद्वारा पुँजीको केन्द्रिकरण हुँदै जाने र मजदुर वर्गको उपभोग क्षमतामा कमि हुँदै जाने प्रक्रियामा, जो संकट देखापर्छ त्यसलाई किन्सलगायतका अर्थशास्त्रीहरुले बचत विरोधाभाषको सिद्धान्तको रुपमा अर्थ्यायका छन् । यसअनुसार मानिसहरुको जीवनमा दुई प्रकारका जोखिम हुन्छन् ज्ञय र अज्ञय । भविष्यमा आउन सक्ने ती जोखिमहरुलाई न्यूनीकरण गर्न उनीहरुले आफ्नो आयको सबै भाग खर्च नगरि बचत गर्न खोज्छन्, यसरी बचत गर्दै जाने मानिसको प्रवृतिको कारण बचत बढ्दै गई मागमा कमी आउँछ र यसले नै आर्थिक संकट पैदा गर्छ । फेरि पनि यो सिद्धान्तको मुख्य उद्देश्य अतिरिक्त श्रमको शोषण र पुँजीको विस्तारित पुनरुत्पादनद्वारा उत्पन्न पुँजीवादी आर्थिक संकटको आधारभूत कारणलाई लुकाउनु र अन्ततः पुँजीवाद दीर्घजीवि छ भनेर सावित गर्नु नै हो ।

हामीले अघि नै भन्यौं पुँजीवाद नाफा प्रेरित अर्थ प्रणाली हो । नाफा बिना यो एकछिन् पनि बाँच्न सक्दैन । यसका लागि पुँजीपतिहरुबीच जुन प्रतियोगिता चल्छ, त्यसले बजारको माग र उत्पादनको परिणामबीच एउटा भयनाक असन्तुलन ल्याइदिन्छ । नाफाको दौडमा रहेका पुँजीपतिहरुले त्यहाँ र त्यो वस्तुमा लगानी गर्दछन् जहाँ र जुन वस्तुको नाफा दर उच्च छ । जब अर्थतन्त्रमा समृद्धिको समय हुन्छ, माग बढ्दै गइरहेको हुन्छ । माग र मूल्य बढ्दा आपूर्ति पनि बढ्छ र त्यही क्षेत्रमा लगानी केन्द्रित हुँदै जाँदा तुलनात्मक रुपमा कम नाफादर भएका अन्य वस्तु तथा सेवाहरुको क्षेत्रमा लगानी घट्ने र पुरानो सन्तुलनमा गढबढी आउने हुन्छ भने अर्कातिर विस्तारित पुनरुत्पादनको पुँजीवादी चरित्रका कारण श्रमिकहरुको जीवनस्तरमा गिराबट आउन थाल्छ । कैयौं ज्यालादारी श्रमिकहरु बेरोजगार बन्दै जान्छन्, कैयौंको ज्यालादार घट्छ, यसरी पुँजीवादी प्रणालीमा आउने आर्थिक संकट र त्यसले ल्याउने भयानक बेरोजगारीलाई मार्क्सले 'औधोगिक रिजर्व सेना' को संज्ञा दिनुभएको थियो र बेरोजगारीहरुको विशाल पंक्ति नै समाजवादी क्रान्तिको लागि सशस्त्र बलको रुपमा अगाडि आउने विश्लेषण गर्नुभएको थियो ।


**प्रकाशित मिति २०७८।०९।३०**

यस कार्यालयबाट मिति २०७८।०८।०५ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. 02-DBCRP/078/79 बमोजिम तपसिलका ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता भएका वोलपत्रहरु मध्येबाट न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्नानूसारको वोलपत्रदाताको वोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन, २०७३) को दफा २७(२) तथा दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम | कवोल अंक रु. (VAT, PS बाहेक) |
|---|---|---|---|
| DBCRP/33701 121/078/79-02 | Reactive maintenance works on Dumre Besisahar Road. (CH:8+300-9+500), Tanahun | Karki Builders/Laliguras Construction J.V., Hetauda. | 94,56,065.60 |
| DBCRP/33701 121/078/79-03 | Reactive maintenance works on Dumre Besisahar Road. (CH:9+500-12+000), Tanahun | Karki Builders/Laliguras Construction J.V., Hetauda. | 95,00,799.50 |
| DBCRP/33701 121/078/79-04 | Reactive maintenance works on Dumre Besisahar Road. (CH:12+000-15+000), Tanahun | Karki Builders/Laliguras Construction J.V., Hetauda. | 94,60,787.10 |
| DBCRP/33701 121/078/79-05 | Reactive maintenance works on Dumre Besisahar Road. (CH:15+000-22+000), Tanahun | Karki Builders/Laliguras Construction J.V., Hetauda. | 84,12,516.50 |
| DBCRP/33701 121/078/79-06 | Reactive maintenance works on Dumre Besisahar Road. (CH:22+000-26+500),Tanahun and Lamjung | Karki Builders/Laliguras Construction J.V., Hetauda. | 84,98,342.50 |
| DBCRP/33701 121/078/79-07 | Construction of Box Culvert on Dumre Besisahar Road. (CH:26+000, 27+200,28+800), Lamjung | Karki Builders/Laliguras Construction J.V., Hetauda. | 98,75,424.00 |
| DBCRP/33701 121/078/79-08 | Construction of Box Culverts (CH:36+150,40+300) and Rigid Pavements(CH:29+000,40+800,40+900) on Dumre Besisahar Road. | Siddhi Binayak Nirman Sewa Besisahar, Lamjung | 1,00,25,381.00 |

**योजना प्रमुख**

---

**छार्का ताङसोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कागकोट, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र आव्हान सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति :-२०७८।०९।३०**

यस गाउँपालिकाको आर्थिक वर्ष २०७८र०७९ मा कर्णाली प्रदेश सरकारको बिशेष र शर्सत अनुदान रकम बाट संञ्चालन हुने देहायमा उल्लेखित निर्माण कार्यहरु बोलपत्र आह्वानका माध्यमबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त अनुभबी योग्य र नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र चालु आर्थिक वर्ष का लागि नविकरण भएको दर्ता प्रमाणपत्र,ईजाजत( पत्र,मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र नेपाली नागरिकता को प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक इजाजतपत्र प्राप्त निर्माण व्यवसायी वा निजको प्रतिनिधिले कार्यालय समय भित्र रित पूर्वक निवेदन दिई तल उल्लेख भए अनुसारको बोलपत्र दस्तुर राष्टिय बानिज्य बैंक लिमिटेड छार्कताङसोङ शाखामा रहेको यस कार्यालयको (राजस्व कोष खाता नं.४५३०१००३०१०१०००२ मा जम्मा गरेको बैंक भौचर पेश गरी लिन सकिने छ । अधिकार प्राप्त प्रतिनिधि मार्फत बोलपत्र खरिद प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power Attorney) पेश गर्नुपर्ने छ ।

२. खरीद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजे भित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

३. बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा मान्यता प्राप्त बैकं बाट जारी गरीएको बैंक जमानत पत्र वा नगदै यस कार्यालयको नेपाल राष्टिय बानिज्य बैक लिमिटेड डोल्पा शाखामा रहेको धरौटी खाता नं.४५३०१००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

४. बोलपत्र दाताले आफूले कवोल गरेको अंक कन्टिन्जेन्सि र मूल्य अभिवृद्धी कर वाहेकको हुनुपर्नेछ ।

५. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कारबाही हुने छैन ।

६. बोलपत्र दाता बाट बोलपत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो बोलपत्र उपर कुनै कारवाही हुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

७. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ

८. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण करहरु बोलपत्र दाता स्वयंले व्यहोर्नुपर्नेछ ।

९. एक फर्मको नाममा खरिद भएको बोलपत्र कागजात अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१०. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून अनुसार हुनेछ ।

११. थप जानकारीको लागि यस कार्यालयको वेभ साइट Ito.chharkatansong.gov.np@gmail.com वा टेलिफोन नम्वर ०८७-५५००६३ मा सम्पर्क गर्न सकिनेछ

१२. बोल पत्र खरिद गर्ने देखि खोल्ने सम्म सम्पुर्ण काम यस गा.पा.को कार्यलय कागकोट मा गरीने छ। विशेष परिस्थिति परेको खण्डमा यस गाउपालीकाको सम्पर्क कार्यालय दुनैमा गरिने छ ।

| क्र.स. | ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान (भ्याट कर र कन्टिन्जेन्सि बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | No:CTRM/DOLPA/ WORK/NCB/04/078-079 | पुङगा खानेपानी निर्माण, | २९,९२,०५६।८० | ७५०००। | ३००० | |

# बक्स अफिस समाचार

## फिल्ममा जाने हो भने थिएटरमा नगए पनि हुन्छ : विपिन कार्की



**काठमाडौं/मस–** अभिनेता विपिन कार्कीले फिल्ममा अभिनय गर्न चाहानेले थिएटरतिर नअल्मलिन सुझाव दिएका छन् ।

उनले आफ्नै अनुभव प्रस्तुत गर्दै थिएटर र फिल्म फरक माध्यम भएकाले फिल्ममा अभिनय गर्न चाहानेले फिल्मकै माध्यम समात्न सुझाव दिएका थिए ।

'हामीलाई पनि शुरुमा यी दुई विधामा यतिविधि भिन्नता होला जस्तो लागेको थिएन । तर दुबैमा व्यापक भिन्नता रहेछ । अहिले छड्केको विन्दु हेर्दा मैले कति धेरै लाउड गरेछु भन्ने महसुस हुन्छ' मंगलबार अस्कर इन्टर नेसनल कलेज, कलेज अफ फिल्म स्टडिजका १६ औं ब्याचका विद्यार्थीसँग अन्तर्क्रिया गर्दै विपिनले यस्तो धारणा राखेका थिए ।

गुरुकुल नाटक घरमा नाटकको प्रशिक्षण लिएका विपिनले 'आचार्य' फिल्ममा सानो भूमिकामा अभिनय गर्दै ठूलो पर्दाको यात्रा सुरु गरेका थिए । 'लुट'मा पनि सानो भूमिकामा मै देखिएका विपिनले 'छड्के' गरेको विन्दु नामको भूमिकाले धेरैको मन जितेका थिए । तर अलि पछि रिलिज भएको 'पशुपतिप्रसाद'मा गरेको भष्मे डनको भूमिकाले भने विपिनलाई अभिनयमा बहुआयामिक कलाकारको रुपमा स्थापित गरेका थिए ।

विद्यार्थीसँगको कुराकानीमा उनले आफूले गर्ने चरित्रको तयारीदेखि फिल्ममा चाहिने समर्पणसम्मको चर्चा गरेका थिए ।

आफूले निर्वाह गर्ने चरित्रमा कसरी डुब्नु हुन्छ ? भन्ने विद्यार्थीको प्रश्नमा विपिनको जवाफ थियो, 'सबैका चरित्रमा पस्ने आआफ्नै तरिका हुन्छ ।

म चाहिँ स्क्रिप्ट कण्ठ पारेर यसको सुरुवात गर्छु । म स्क्रिप्ट कण्ठ पार्छु र यसो हुँदा मलाई चरित्रको सबै आयामको बारेमा थाहा हुन्छ । यसपछि चाहिँ म चरित्रलाई कसरी फरक गर्न सकिन्छ भनेर काम गर्छु ।'

उनले फिल्ममा करियर बनाउन जिन्दगी नै यही भनेर लाग्नुपर्ने पनि विद्यार्थीलाई सुझाएका थिए । दुई घन्टा लामो अन्तरक्रियामा गुरुकुलका दिनदेखि अहिलेका दिनसम्मको चर्चा गरेका विपिनले फिल्ममा सफल हुन साना साना लक्ष्य लिन र ती पूरा भएपछि अर्को लक्ष्य लिन सुझाएका थिए ।

'शुरुमा गुरुकुलमा छिर्दा मलाई पुग्यो भन्ने लागेको थियो । तर सौगात दाइ (सौगात मल्ल) फिल्ममा रमाएको देखेपछि म पनि फिल्ममा जान्छु भन्ने भयो । फिल्ममा पनि मैले सानो भूमिकाबाट सुरु गरेँ र यसमा पनि खुसी थिएँ । मेरो तपाईँहरुलाई यही सुझाव छ, सानो लक्ष्य लिनुस् र त्यो पूरा भएपछि अर्को लक्ष्य बनाउनुस्,' उनले विद्यार्थीलाई सुझाएका थिए ।

अस्कर कलेजले कलेजमा भर्ना भएका विद्यार्थीलाई फिल्म उद्योगका अनुभवीको अनुभव सुनाउन दुई हप्तादेखि फिल्मको विभिन्न विधाका व्यक्तिलाई अन्तर्क्रियामा निम्त्याउँदै आएको छ । चार हप्तासम्म चल्ने यो अन्तर्क्रियामा यसअघि नीर शाह, सुरक्षा पन्त, विपिन स्थापित, मुकुन भुसाल, स्वस्तिमा खड्का, प्रदीप भट्टराई, निरञ्जनराज भेटवालले विद्यार्थी माझ आफ्नो अनुभव बाँडिसकेका छन् ।

कलेजका एकेडेमिक कोअर्डिनेटर मनोजबाबु पन्तले नयाँ विद्यार्थीलाई भविष्यमा उनीहरुले काम गर्ने उद्योगको विषयमा पर्याप्त जानकारी होस् भन्ने उद्देश्यले आफ्नो विधामा स्थापित फिल्मकर्मीलाई निम्त्याएको बताए ।

'किताबी ज्ञानसँगै व्यवहारिक ज्ञान पनि विद्यार्थीले हासिल गरुन् भनेर हामीले उद्योगका प्रोफेसनललाई विद्यार्थीसँग साक्षात्कार गराएका हौं । यो अवसर भोलिका दिनमा एक अर्कालाई जोड्न सेतुका रुपमा काम गर्छ कि भन्ने पनि हाम्रो विश्वास हो,' पन्तले भने ।

## हरिवंशको 'कर्कलो कोक्याउला'

**काठमाडौं/मस–** वरिष्ठ कलाकार हरिवंश आचार्यको स्वर, शब्द र संगीतमा रहेको नयाँ गीत 'कर्कलो कोक्याउला' सार्वजनिक गरिएको छ । बिहिबार राजधानीमा एक कार्यक्रमको बीच गीत सार्वजनिक गरिएको हो ।

गीत गायनमा हरिवंशलाई गायिका समिक्षा अधिकारीले साथ दिएकी छन् भने किरण तुलाधरको एरेन्ज रहेको छ । कार्यक्रममा गीतको भिडियो समेत देखाइएको थियो । भिडियोमा हरिवंश आचार्यको अलवा स्वस्तिमा खड्का, महेश त्रिपाठी, नविन लम्साल र घनश्याम पाण्डेको अभिनय समेटिएको छ । भिडियोको निर्देशन मानव सुवेदीले गरेका हुन् । भिडियोले नेपाली चेलीलाई फकाएर विदेशमा लगेर कसरी बेचिन्छ भन्ने देखाउन खोजिएको छ ।


पाख्रीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा

**सिलबन्दी दरभाउपत्र स्वीकृति गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०७८/०९/३०)

यस नगरपालिकाको मिति २०७८/०९/११ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि सिलबन्दी दरभाउपत्र आह्वान भइ तोकिएको म्यादभित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र मध्ये तपशिल बमोजिमका सिलबन्दी दरभाउपत्र दाताको प्रस्ताव न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. न. | ठेक्का न. | आयोजनाको नाम | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | PKBSMUN/SQ/WORKS/ 2078/079-03 | Development Works of Dikure Gumba Area, Second Phase | Pradhan Construction, Dhankuta | 1,044,672.70 |
| 2 | PKBSMUN/SQ/WORKS/ 2078/079-04 | Construction of Industrial Gram At Ramche | Pradhan Construction, Dhankuta | 481,598.90 |

प्रमुख प्रशासकीय अधिकृत



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयश
सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल
खजुरा-७, बाँके

**बोलपत्र स्विकृत गर्ने आशय सम्बन्धी सूचना**

(सूचना प्रकाशित मितिः २०७८/०९/३० गते

यस अस्पतालबाट मिति २०७८/०६/२५ र २०७८/०८/१७ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये न्युनतम् मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो आशय सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | ठेक्काको नाम | सामाग्रीको नाम | कबोल रकम भ्याट बाहेक | बोलपत्रदाता को नाम |
|---|---|---|---|---|
| SKPCH/GOODS/05/078/079 | Procurement of Close Items for Lab & Radiology | A. Horiba ABX Pentra 400 Biochemistry analyser | - | Non-Responsive Bid |
| | | B. Horiba ABX H550 CBC coulter counter 5 parts | - | |
| | | G. Medonic 5 parts | - | |
| | | H. Agfa Printer CT | - | |
| | | D. Liasion CLIA | 2976253.2 | Web Trading Concern Pvt. Ltd., KTM |
| | | E. I-SENS | 247955.4 | |
| | | F. Gesan (Chem 300) | 502515.8 | |
| | | I. Konika Minolta X-ray and Mammo Film | 1120000 | Saimed Medicine Suppliers, KTM |
| | | C. Wondofo PT/INR Machine | 37440 | |
| SKPCH/GOODS/04/078/079 | Procurement of ENT Surgical Instruments | | 29,17,077 | National Medzone Traders, KTM |



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, सुर्खेत

**३५ (पैतीस) दिने सार्वजनिक तथा हकदारको नामको सूचना**

वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ बस्ने सुवर्ण श्रेष्ठ र सुभाष श्रेष्ठ समेतले हाम्रा आमा दिलमाया श्रेष्ठका नाउँमा जग्गा दर्ता भएको र निजको मिति २०७८/०४/०४ मा मृत्यु भएको हुँदा मृतकका नामको जग्गामा हक लाग्ने नजिकका हकवाला संयुक्त हकदार सुवर्ण श्रेष्ठ र सुभाष श्रेष्ठ भएकोले हाम्रा नाउँमा नामसारी गरी पाउँ भन्ने व्यहोराको साझा नामसारीको मिति २०७८/०९/२७ को निवेदन भएको ।
यस कार्यालयबाट कारबाही हुँदा यस कार्यालयको मिति २०७८/०९/२९ को आदेशअनुसार यो ३५ (पैतीस) दिने सार्वजनिक था हकदारका नाउँको सूचना प्रकाशित गरिएको छ । मृतक दिलमाया श्रेष्ठको नामको तपसिलको जग्गा हकलाग्ने हकदार अरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटाको म्यादबाहेक ३५ (पैतीस) दिनभित्र प्रमाण कागजसहित यस कार्यालयमा उजुर गर्न आउनु होला । यो सूचनाको म्यादभित्र उजुर दावी नगरेमा नियम अनुसार भैजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिल

जग्गाको विवरण

| जग्गा धनीको नाम, थर | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| दिलमाया श्रेष्ठ<br>पति : घनश्याम श्रेष्ठ<br>ससुरा : जोग प्रसाद श्रेष्ठ | लाटीकोइली | ६ 'ग' | ३९६ | ०-४-० |

यसमा ज.ध. दिलमाया श्रेष्ठको मिति २०७८/०४/०४ मा मृत्यु भएको, निजका श्रीमान् घनश्याम श्रेष्ठ भएकोमा माथि उल्लेखित जग्गा श्रीमान् घनश्याम श्रेष्ठबाट अंशवण्डा भइ आएको, पति घनश्याम श्रेष्ठका दुईवटा श्रीमती दिलमाया श्रेष्ठ र उजेली श्रेष्ठ भएकोमा निज पतिले अंशवण्डा गरी दुवै श्रीमतीलाई जग्गा दिइसकेकोमा, ज.ध. दिलमाया श्रेष्ठका दुई छोराहरु सुवर्ण श्रेष्ठ र सुभाष श्रेष्ठले आफ्नी आमा ज.ध. को रेखदेख काजक्रिया गरी संरक्षण गरेकोमा माथि उल्लेखित जिउनी जग्गा आफ्ना नाममा संयुक्त नामसारी गर्न निज छोराहरु सुवर्ण श्रेष्ठ र सुभाष श्रेष्ठले संयुक्त रुपमा निवेदन दर्ता गराएकोमा, अन्य कोही कसैको हकदावी पुग्ने भए स-प्रमाण बाटोको म्यादबाहेक ३५ दिनभित्र कार्यालयमा आइ हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ ।



Government of Nepal
**Ministry of Education**
**Shree Mahikar Ma.Vi.**
Prasabani, Saptari

**Invitation for Bids**

**Contract Identification No: Mahikar/NCB/W/01/2078-79**
**(Date of first publication 2078/09/30)**

1.Shree Mahikar Ma.Vi. invites Bids from duly registered eligible national bidders for the following works.

| Contract ID | Description and Location of Works | Average annual construction Turnover(NRs.) | Bid security Amount(NRs.) | Bid Document Fee(NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|
| Mahikar/NCB/ W/01/2078-79 | Construction of School Building at Shree Mahikar Ma.Vi | 3,22,00000 | 625000 | 5000 | 90 Days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

**Office Name** : Shree Mahikar Ma.Vi. Prasabani,saptari
**Last date of Submission** : 13/02/2022 (2078/11/01) Time: - 12:00 PM
**Name of Bank** : Machhapuchchhre Bank Ltd. Mahuli Branch
**Opening** : 13/02/2022(2078/11/01)Time: - 14:00 PM
**Rajaswa khata No.** : 0840097374200011
**Deposit Account No** : 0840097374200011
**Pre-bid meeting** : 07/02/2022 (2078/10/24) Time: - 14:00 PM

3. Bidder Can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp.
4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064 (Tenth Amendment-2076). Any amendments in tender notice shall be published in e-procurement section.
5. Bank Guarantee shall be in the format specified in the bid documents.
6. Shree Mahikar Ma.Vi reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Administration Chief**



Government of Nepal
Ministry of Health & Population
**Sushil Koirala Prakhar Cancer Hospital**
Khajura-07, Banke

**Invitation for E-Bids for the Procurement of Close Items for Lab & Radiology (NCB, Re-tender)**

**(Second date of publication: 2078-09-30)**

Re-tender has been published for Non-responsive bid of following invitation no. Eligible bidder should submit their bid only through e-submission.The name and identification of the each bid/contract are as follows:

| S. N. | IFB & Contract ID No. | Supply & Delivery of following Hospital Equipments & Goods | Cost of Bid Document NRs.(Non-refundable) | BID Security NRs. |
|---|---|---|---|---|
| 1. | SKPCH/GOODS/ 05/078/079 | Procurement of Close Items for Lab and Radiology | 3000 | 2.5% of bid price |

Last date of bid submission : **2078-10-14 , 12:00 Hours**
Bid Opening Time : **2078-10-14 , 14:00 Hours**
For further information please visit **www.bolpatra.gov.np/egp** or can contact the office of SKPCH in ph no: 081560411.

# एपीएफ सेमिफाइनल नजिक



**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ पुस

प्रधानमन्त्री कप टी २० क्रिकेट प्रतियोगितामा विभागीय क्लब सशस्त्र प्रहरीको एपीएफले अपराजित यात्रा कायमै राखेको छ। एपीएफले लगातार तेस्रो जीत दर्ता गरेको हो। उता बिहीवार नै भएका खेलमा विजयी भएका सुदूरपश्चिम र लुम्बिनी प्रदेशले पहिलो जित दर्ता गर्न सफल भए ।

मूलपानी मैदानमा विभागीय टोली एपीएफले गण्डकी प्रदेशमाथि २ रनको रोमाञ्चक जित निकालेको हो ९३ रनको लक्ष्य पछ्याएको गण्डकीले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ९० रन मात्रै बनाउन सफल रह्यो ।, गण्डकीका लागि कप्तान विपिन खत्रीले सर्वाधिक ३६ रनको योगदान गरेपनि जितका लागि पर्याप्त भएन ।

गण्डकीलाई रोक्ने क्रममा एपीएफका कमलसिंह ऐरीले तीन विकेट हात पारे भने किशोर महतोले दुई तथा अविनाश बोहराको नाममा एक-एक विकेट रह्यो ।

टस जितेर पहिले ब्याटिङ गरेको एपीएफले १८.४ ओभरमा सबै विकेट गुमाएर ९२ रन जोडेको थियो । एपीएफका लागि प्रदिप ऐरीले १७ रन जोड्दा आसिफ शेखले १६ रनको योगदान गरे । गण्डकीका कमल परियारले सर्वाधिक तीन विकेट हात पारे ।

समूह 'ए' अन्तर्गत त्रिवि मैदानमा कर्णाली प्रदेशलाई ४७ रनले पराजित गर्दै सुदूरपश्चिमले जारी प्रतियोगितामा पहिलो जित निकालेको छ ।

१ सय ५४ रनको लक्ष्य पछ्याउने क्रममा कर्णाली १९.१ ओभरमा सबै विकेट गुमाएर मात्र १ सय ६ रन जोड्न सक्यो । कर्णालीका कप्तान रविन्द्र शाहीले सर्वाधिक ३५ रनको योगदान गरे पनि जितका लागि पर्याप्त भएन् । कर्णालीको इनिङ्सलाई सस्तैमा समेट्न शेर मल्लले सर्वाधिक ५ विकेट लिए ।

टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ५३ रन जोडेको थियो । सुदूरपश्चिमका लागि अर्जुन साउदले सर्वाधिक ३२ रनको योगदान गर्दा वसन्त कार्कीले २८ रन जोडे । दीपक बोहराले २५ तथा खडक बोहराले २२ रनको योगदान गरे । कर्णालीका प्रकाश जैसीले सर्वाधिक ३ विकेट हात पारे । रविन्द्र शाही र दिवान पुनले दुई-दुई विकेट लिए भने दिनेश अधिकारीले एक विकेट निकाले । यस्तै, मुलपानी क्रिकेट मैदानमा तय भएको बिहीवारको पहिलो खेल भने मैदान चिसो हुँदा रद्द हुन पुग्यो । त्रिभुवन आर्मी क्लब र प्रदेश नम्बर १ बीचको खेल मैदानमा पानी परेका कारण कारण हुन नसकेको हो ।

कीर्तिपुर मैदानमा नै भएको अर्को खेलमा लुम्बिनी प्रदेशले प्रदेश नम्बर २ लाई ४२ रनले हराउँदै जारी प्रतियोगितामा पहिलो जित निकाल्यो । खेलमा १ सय ६२ रनको लक्ष्य पछ्याएको प्रदेश नम्बर २ ले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय १९ रनमात्र जोड्न सक्यो । प्रदेश २ का लागि विवेक यादवले सर्वाधिक ३६ रन जोडे । लुम्बिनीले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १ सय ६१ रन जोडेको थियो । लुम्बिनीका लागि देव खनालले अर्धशतकिय इनिङ्स खेले । खनालले ३८ बलमा ५४ रन जोड्दा चार चौका र दुई छक्का प्रहार गरे । बलिङमा प्रदेश २ का विवेक यादव र रुपेश सिंहको नाममा समान दुई-दुई विकेट रह्यो । हरिशंकर साह, महबुब आलम र विशाल सुसलिङले समान एक-एक विकेट हात पारे ।

# 'राष्ट्रिय बास्केटबल लिग' हुने

**काठमाडौं / मस**- टर्नपाइक इभेन्ट प्रालिको आयोजना र नेपाल बास्केटबल संघको प्राविधिक सहयोगमा 'राष्ट्रिय बास्केटबल लिग' हुने भएको छ ।

नेपालमा बास्केटबलको फ्रेन्चाईज लिग पहिलो पटक हुन लागेको आयोजक टर्नपाइक इभेन्ट प्रालिका डाईरेक्टर आलोक प्रताब रानाले बिहीबार पत्रकार सम्मेलनमा जानकारी गराए । उनले भने 'हामी केहि फरक गर्न चाहन्छौं, अहिलेको बास्केटबललाई कसरी माथी उठाउन सकिन्छ,त्यो नै हाम्रो मुख्य उद्देश्य हो ।' पत्रकार सम्मेलनमा नेपाल बास्केटबलका कार्यबाहक अध्यक्ष भिमसिंह गुरुङले ऐतिहासिक दिनको भएको बताए । 'राष्ट्रिय बास्केटबल लिग' ले खेलको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गुरुङले बताए । यस लिगलाई मध्यनजर गर्दै संघले व्यवसायीक खेलाडी र प्रशिक्षकको दर्ता गर्नेछ । खेलाडीहरूलाई ए र बी गरि दुई वर्गमा विभाजन गरी दर्ता गरिने छ । १३ औं सागको प्रशिक्षण रहेका खेलाडी ए बर्गमा रहने छन भने अन्य सम्पूर्ण बी बर्गामा समावेश भएर खेल्ने छन् ।

काठमाडौं, ललितपुर, कीर्तिपुर, पोखरा, भक्तपुर, धरान, विराटनगर, चितवन र बुटवल-धनगढीका शहरहरूको प्रतिनिधत्व गर्ने गरि संचालन हुने 'राष्ट्रिय बास्केटबल लिग' आयोजकका डाईरेक्टर प्रशुन श्रेष्ठले टर्नपाइक इभेन्टको अधिनमा रहेको राष्ट्रिय बास्केटबल लिगमा ८ फ्रेन्चाइज क्लबहरूको संरचना घोषणा गरि क्लवहरूसँग लिइने लाईसेन्स फिबापतको ४० प्रतिशत रकम टर्नपाइकले सम्झौता अनुसार नेपाल बास्केटबल संघलाई उपलब्ध गराउने छ । दशरथ रङ्गशालास्थित बहुधेश्यीय कर्भडहलमा संचालन हुने लिगका लागि प्रत्येक क्लबमा १० नेपाली हुनेछन् भने अन्तर्राष्ट्रिय २ खेलाडी रहने छन् । क्लबमा मुख्य प्रशिक्षक १, साहायक प्रशिक्षक १ फिजियो १ र म्यानेजर एकजना हुनेछन् ।


## Government of Nepal
## Koshi & Bakraha River Management Project
## Biratnagar, Morang

## Invitation for Bids

**First Date of publication: 2078/09/30**

1. Koshi & Bakraha River Management Project, Biratnagar invites e-bids from eligible bidders for the works mentioned below under National Competitive Bidding (NCB) procedure.
2. Bid documents can be downloaded from the website www.bolpatra.gov.np/egp. Amendment(s), if any, shall be issued only on the above websites.
3. Eligible Bidders may obtain further information at the office of Koshi & Bakraha River Management Project, Biratnagar, Email: koshibakraharmp@gmail.com, Tel. No. 021-461620.

| S.N. | Contract ID | Description of works | Bid Security Amount, NRs | Estimated Cost (Excl. VAT), NRs |
|---|---|---|---|---|
| 1 | KBRMP/BAK/ 03/2078/079 | River Training Structures at Bardanga, Sunwarshi Na.Pa.-7, Morang (Right Bank) | 240000 | 8429764.78 |
| 2 | KBRMP/CHI/ 02/2078/079 | River Training Structures at Rangeli-03, Kajiman chowk Uttar, (Right Bank), Morang, (Ch. 0+000 - 0+240) | 390000 | 13532924.96 |
| 3 | KBRMP/CHI/ 03/2078/079 | River Training Structures at Rangeli-03, Kajiman chowk Uttar, (Right Bank), Morang, (Ch. 0+240-0+635) | 370000 | 12,829,857.22 |
| 4 | KBRMP/LIFT/ 01/2078/079 | Delivery System, Distribution Line, Valve Chamber, Pipe Fittings, Outlet etc. for lift scheme. Arun RMU 6, Majhitar, Bhojpur | 320000 | 11277278.50 |


# सन्देश र विशालको राष्ट्रिय कीर्तिमान

**दीपेन्द्र श्रेष्ठ / मध्यान्ह**
भक्तपुर, २९ पुस



राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा नेपाल प्रहरीका सन्देश गुरुङ र विशालसिंह विष्टले बिहीबार नयाँ राष्ट्रिय कीर्तिमान बनाएका छन् ।

सन्देशले सिनियर पुरुष ९६ केजीको स्न्याचतर्फ १ सय ९ केजी भार वहन गर्दै राजविराजमा २०७७ मा भएको राष्ट्रव्यापी भारोत्तोलनमा विशालसिंह विष्टले बनाएको १ सय ८ केजीको कीर्तिमान भंग गरेका हुन् । सन्देशले स्न्याचमा १०९ केजीसहित क्लिन एन्ज जर्कमा १ सय ३७ केजी गरी कुल २ सय ४६ केजी वजन उठाउदै स्वर्ण जिते । एपीएफका सुजन विकले रजत तथा धनुषाका उज्ज्वलकुमार मिश्राले कांस्य जिते ।

सिनियर पुरुष १०२ केजीमा विशालले स्न्याच, क्लिन एन्ड जर्क र कुलमा राष्ट्रिय कीर्तिमान स्थापित गरे । उनले स्न्याचमा १ सय ११ र क्लिन एन्ड जर्कमा १ सय ५० केजी गरी जम्मा २ सय ६१ केजी भार उठाए । यसअघि उक्त कीर्तिमान सन्देश गुरुङको नाममा थियो । सन्देशको नाममा स्न्याचमा १ सय ३ केजी र क्लिन एन्ड जर्कमा १ सय ३५ केजीको राष्ट्रिय कीर्तिमान थियो । आर्मीका विनोद खड्का दोश्रो तथा एपीएफका रणबहादुर नगरकोटी तेश्रो भए । नेपाल भारोत्तोलन संघद्वारा आयोजित प्रतियोगिताको सिनियर पुरुष ८९ केजीमा नेपाल प्रहरीका ओमप्रकाश वैश्य पहिलो भए । मध्यपुर थिमी नगरपालिकाको थिमी बैंक्युटमा भएको प्रतियोगिताको युथतर्फ महिला ८१ केजीमा कास्कीकी सिन्जल गुरुङ पहिलो भइन् । सिन्जलले स्न्याचमा ३३ केजी र क्लिन एन्ड जर्कमा ४२ केजी गरी कुल ७५ केजी वजन उठाइन् । सिनियर महिलाअन्तर्गत ७६ केजीमा प्रहरीकी तारादेवी पुनले स्न्याचमा ६९ केजी र क्लिन जर्कमा ९३ केजी गरी जम्मा १ सय ६२ केजी भार उठाउदै पहिलो भइन् ।

जुनियर पुरुषको १ सय २ केजीमा आर्मीका निरज सिग्देल पहिलो भए । उनले स्न्याचमा ५० केजी र क्लिन एन्ड जर्कमा ८० केजी गरी जम्मा १ सय ३० केजी भार वहन गरे । सिनियर पुरुषको १०९ केजीमा प्रहरीका राजीव महर्जन पहिलो भए । उनले स्न्याचमा १ सय ७ केजी र क्लिन एन्ड जर्कमा १ सय २५ केजी गरी जम्मा २ सय ३२ केजी वजन उचाले । १०२ केजीमाथि आर्मीका पुकार गुरुङले पहिलो स्थान कब्जा गरे । विजेतालाई संघीय सांसद एवं नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, मध्यपुर थिमी नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठ, आयोजक नेपाल भारोत्तोलन संघका अध्यक्ष रामकृष्ण श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । तीनदिने प्रतियोगिताअन्तर्गत पुरुष/महिलातर्फ सिनियर/जुनियर/युथमा गरी १ सय ४३ खेलाडीले विभिन्न ६० स्पर्धामा प्रतिस्पर्धा गरेका थिए ।

# मेमोरी युवा क्लब सेमिफाइनलमा

**सुनसरी / मस**- इटहरी फुटबल क्लबलाई पराजित गर्दै आयोजक मेमोरी युवा क्लब प्रथम सोनापुर गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । सुनसरीको दुहबी ८ सोनापुरमा जारी प्रतियोगिता अन्तर्गत बिहीवार भएको अन्तिम क्वाटरफाइनल खेलमा इटहरी फुटबल क्लबमाथी पेनाल्टी सुटआउटमा ५-४ गोल अन्तरको जित निकाल्दै आयोजक क्लबले सेमिफाइनलमा स्थान सुरक्षित गरेको हो ।



निर्धारित ८० मिनेटको खेलमा दुबै टिमले १-१ गोलको बराबरी खेलेपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट लिइएको हो। त्यसअघि खेलको ४५ औ मिनेटमा इटहरीका समिर राईले उत्कृष्ट गोल गर्दै आफ्नो टिमलाई अग्रता दिलाएका थिए । त्यसको सात मिनेट नबित्दै आयोजक क्लबका मिलन राईले गोल गरेपछी खेल १-१ को बराबरीमा पुगेको थियो । पेनाल्टी सुटआउटमा इटहरीका समित चौधरीको प्रहारलाई आयोजक क्लबका गोल किपर सुजित चौधरीले रोकेका थिए । निकेश तामाङ, मनीष भण्डारी, बिजय राई र दिपेन तामाङको प्रहार गोलमा परीणत भएको थियो । आयोजक क्लबका मिलन राई, उमेश कार्की, सितोश थापा, निरज थापामगर र दिपेश माझीले सहजै गोल गर्न सफल भए। खेलको म्यान अफ द म्याच आयोजक क्लबका मिलन राई घोषित हुदै नगद २ हजार रुपैया पाए । बिहीवारको अन्तिम क्वाटरफाइनल खेलसंगै गोल्डकपको सेमिफाइनल समिकरण समेत पुरा भएको छ ।

प्रतियोगिता बिजेताले नगद १ लाख र उपबिजेताले ५१ हजार रुपैया पुरस्कार पाउनेछ ।


## Invitation for Bids
## Devghat Rural Municipality
## Office of the Rural Municipal Executive
### Devghat, Tanahun
### Gandaki Province, Nepal

**Invitation for Bids for the Construction for Kuwadi Khola Khani Pani Yojana Works at Devghat Rural Municipality, Devghat, Tanahun**

**Contract Identification No: NCB/DRM/WS/12/2078/079**

**Date of publication: January 14, 2022 (30th Poush, 2078)**

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of **Construction for Kuwadi Khola Khani Pani Yojana Works at Devghat Rural Municipality, Devghat, Tanahun** and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction for Kuwadi Khola Khani Pani Yojana Works at Devghat Rural Municipality, Devghat, Tanahun, Contract Identification **No: NCB/DRM/WS/12/2078/079.** Bidding is open to all eligible as per Section V of bidding document.
2. Devghat Rural Municipality, Office of Rural Municipal Executive, Devghat, Tanahun invites only electronic bids from eligible bidders for the **Construction for Kuwadi Khola Khani Pani Yojana Works at Devghat Rural Municipality, Devghat, Tanahun** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   **Only eligible bidders with the following key qualifications should participate in this bidding:**
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs 3,41,00,000 (Three Crore Fourty One Lakhs Rupee Only)**
   - Minimum Work experience of similar size and nature: At least one Water Supply Project including Transmission and Distribution system that have been successfully or are substantially completed and that are similar to proposed works.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously (i) the Technical Bid and the (ii) the Price Bid through e-GP system **www.bolpatra.gov.np/egp** as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Devghat Rural Municipality, Office of Rural Municipal Executive, Devghat, Tanahun may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
5. Bidder shall submit their bid electronically. Bidders may download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically, should deposit the cost of bidding document amounting **NRS 5,000 ( Five thousands Rupee Only)** in the internal revenue account of the rural municipality as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank : Siddhartha Bank Limited**
   **Name of Office : Devghat Rural Municipality,**
   **Office Code no. : Ga.1.1 Internal revenue account No. : 00815412921**
6. Pre-bid meeting shall be held at Devghat Rural Municipality, Office of Rural Municipal Executive, Devghat, Tanahun at 11:00Hrs on February 3,2022
7. Electronic bids must be submitted to Devghat Rural Municipality, Office of Rural Municipal Executive through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12:00Hrs** on **February 13, 2022.** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 Hrs** on February 13, 2022 at the office of Devghat Rural Municipality, Office of Rural Municipal Executive, Devghat, Tanahun. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs 6,00,000.00 (Six Lakh Rupee only) , which shall be valid for 30 days beyond the validity period of the bid **(i.e. July 13,2022).** The scanned copy of bid security should be uploaded in the e-GP system during the bid submission.
   **Name of the Bank : Siddhartha Bank Limited**
   **Name of Office : Devghat Rural Municipality,**
   **Office Code no. : Ga.3 sthaniya taha dharauti khata**
   **Office account No. : 00815169863**
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# रेमिट्यान्स आप्रवाह ६.८ प्रतिशतले घट्यो

## विदेशी मुद्राको सञ्चिती १३ वर्षअघिको अवस्थामा

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २९ पुस

चालु आर्थिक वर्षमा विप्रेषण आयातमा निरन्तर गिरावट आएको छ। नेपाल राष्ट्र बैंकले बिहिबार जारी गरेको तथ्यांक अनुसार चालु आवको ५ महिनामा विप्रेषण आप्रवाह ६ दशमलब ८ प्रतिशतले कमी आई ३ खर्ब ८८ अर्ब ५८ करोडमा झरेको देखिएको छ। अमेरिकी डलरमा विप्रेषण आप्रवाहमा ७ दशमलब ३ प्रतिशतले कमी आई ३ अर्ब २६ करोड पुगेको छ। तर यस्तो विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिमा भने ११ प्रतिशतले बढेको थियो।

चालु आवको समीक्षा अवधिमा खुद ट्रान्सफर ५.७ प्रतिशतले कमी आई ४ खर्ब ३३ अर्ब ९२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ८.५ प्रतिशतले बढेको थियो। तर चालु आवको समिक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्यामा भने उल्लेख्य वृद्धि भएको छ। समिक्षा अवधिमा वैदेशिक रोजगारीको लागि स्वीकृति लिनेको संख्या १ लाख ३१ हजार ८२ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ९२ दशमलब ७ प्रतिशतले घट्न पुगेको थियो।



### मूल्य वृद्धि लक्ष्यभन्दा बढी

सार्वजनिक विवरण अनुसार चालु आवको मंसिर महिनामा वार्षिक विन्दुगत उपभोक्ता मूल्य वृद्धिदर (मुद्रास्फीति) सात दशमलव ११ प्रतिशत रहेको देखिएको छ। तर नेपाल राष्ट्रबैंकले चालु आवमा मूल्य वृद्धिदर छ दशमलव पाँच प्रतिशतभित्रै राख्ने लक्ष्य राखेको थियो। समीक्षा अवधिमा केन्द्रीय बैंकले लिएको वार्षिक लक्ष्यभन्दा शून्य दशमलव ६१ प्रतिशत विन्दुले मुद्रास्फीति बढेको देखिएको छ।

### विदेशी मुद्राको सञ्चिती कठिन अवस्थामा

देशको बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिती घटेर १३ वर्षअघिको कठिन अवस्थामा पुगेको छ। नेपाल राष्ट्रबैंकले पुस २९ गते सार्वजनिक गरेको तथ्यांकले यस्तो अवस्था देखाएको हो। ०६५ फागुनदेखि ०६७ बैशाखसम्म लगातार बैंकहरुसँग ६ दशमलब ८ महिनाको वस्तु तथा सेवा आयात गर्नसक्ने मात्र विदेशी मुद्राको सञ्चिती रहने अवस्था सिर्जना भएको थियो। नेपाल राष्ट्र बैंककाअनुसार आव ०७८/७९ मा मुलुकमा भएको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७ दशमलब ५ महिनाको वस्तु आयात र ६ दशमलब ८ महिनाको वस्तु तथा सेवा आयातको लागि पर्याप्त रहने देखिएको छ।

विदेशी मुद्राको सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा ०७८ असार मसान्तसम्ममा १२४४ अर्ब ६३ करोड रहेको थियो। तर चालु आवको ०७८ मंसिर मसान्तसम्ममा विदेशी मुद्राको सञ्चितीमा १२ दशमलब ९ प्रतिशतले कमी आई १०८४ अर्ब ६४ करोड कायम हुन पुगेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति ०७८ असार मसान्तसम्ममा १५४ अर्ब ३९ करोड रहेकोमा ०७८ मंसिर मसान्तसम्ममा १६ दशमलब २ प्रतिशतले कमी आई १२९ अर्ब ४० करोड कायम भएको देखिएको छ।

चालु आर्थिक वर्षमा चालु खाता पनि निरन्तर घाटामा गएको देखिएको छ। समीक्षा अवधिमा चालु खाता ३०० अर्ब ६९ करोडले घाटामा रहेको छ। कात्तिक मसान्तसम्ममा चालु खाता २२३ अर्ब १९ करोडले घाटामा थियो। एक महिनामै चालु खाताको घाटा ७७ अर्बले बढ्न पुगेको हो। मुलुकको आर्थिक सन्तुलनको विषयलाई समिक्षा गर्दा यो गम्भिर विषय भएको अर्थविदहरुको धारणा रहेको छ। समीक्षा अवधिमा शोधनान्तर स्थिति १९५ अर्ब १ करोडले घाटामा रहेको छ। चालु आबको कात्तिक मसान्तसम्ममा शोधनान्तर स्थिति १५० अर्ब ३८ करोडले घाटामा थियो। यसरी एक महिनामै शोधानान्तर स्थितिको घाटा पनि करिब ४५ अर्बले बढेको देखिएको छ।

# राष्ट्रिय वाणिज्य बैंकको साधारण सभा सम्पन्न




**काठमाडौं/मस** – राष्ट्रिय वाणिज्य बैंकको १६ औं साधारण सभा सम्पन्न भएको छ। साधारण सभाले शेयरधनीलाई ३३ प्रतिशत लाभांश दिने भएको छ। पुस २ ९ गते सम्पन्न साधारणसभाले आव ०७७ ७८ को वार्षिक प्रतिवेदन पारित गरेको छ। सभाले ३० प्रतिशत बोनस शेयर र ३ प्रतिशत नगद लाभांश रहेको बैंकले जनाएको छ।

साधारणसभाले चुक्ता पुंजीको ३ प्रतिशतका दरले हुन आउने २७ करोड ५५ लाख रुपैयाँ नगद र ३० प्रतिशतले हुन आउने दुई अर्ब २७ करोड रुपैयाँ बराबरको बोनस शेयर दिने निर्णय पारित गरेको बैंकले जारी गरेको बिज्ञप्तीमा उल्लेख छ। बोनस शेयर जारी गरेपछि बैंकको कुल चुक्ता पुंजी १३ अर्ब ९४ करोड रुपैयाँ हुनेछ। यसैगरी साधारणसभाले बैंकको अधिकृत पुंजी ३० अर्ब रुपैयाँ कायम गर्ने प्रस्ताव समेत पारित गरेको गरेको छ। साधारणसभामा बैंकका संचालक समितिका अध्यक्ष डा बलराम पाठकले कोभिड १९ पछिको अर्थतन्त्रलाई पुनरुत्थान गर्न राष्ट्र बैंक र सरकारको नीति नियमलाई प्राथमिकताका साथ पालना गर्ने बताए।

अध्यक्ष पाठकले बदलिँदो परिवेश र ग्राहकको चाहाना अनुसार बैंकले आफ्ना सेवा सुविधाहरुमा समय सापेक्ष परिमार्जन गर्दै प्रविधिमा आधारित बिभिन्न सेवाहरुका माध्यमबाट गुणस्तरीय सेवा प्रवाह गर्ने नीतिगत निर्णय लिएको जानकारी दिए। बैंकको साधारणसभामा भर्चुअल माध्यमबाट सम्पन्न गरिएको थियो।

# प्रिमियर स्कुलद्वारा आधारभूत विद्यालयलाई शैक्षिक सामग्री वितरण



**काठमाडौं/मस** - प्रिमियर इन्टरनेशनल आइबि वर्ल्ड स्कुल सातदोबाटो खुमलटारले विद्यालय साझेदारी शीर्षकअन्तर्गत पुस २८ ललितपुर महानगरपालिकाका आधारभूत विद्यालयहरुलाई शैक्षिक सामग्री वितरण गरेको छ। महानगरपालिकाका मेयर चिरीबाबु महर्जनको प्रमुख आतिथ्यता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वसन्त थापाको सभापतित्वमा कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा विद्यालयले गर्ने आगामी कार्यक्रमहरुको बारेमा प्रकाश पार्दै विद्यालयकी निर्देशिका पवित्र लिम्बुले स्वागत मन्तव्य राखेकी थिइन्। कार्यक्रममा बोल्दै ललितपुर प्याब्सनका अध्यक्ष निरोज महर्जनले नीजि र सामुदायिक विद्यालयबीच सहकार्य हुनुपर्ने धारणा राखेका थिए।

महानगरपालिकाको शिक्षा महाशाखा प्रमुख महेन्द्र क्षेत्रीले यस्तो कार्यक्रमले आधारभूत विद्यालयलाई प्रविधिमैत्री बनाउन सहज हुने विश्वास व्यक्त गरेका थिए। कार्यक्रममा बोल्दै मेयर महर्जनले ललितपुर महानगरपालिका शैक्षिक राजधानीका रुपमा स्थापित हुँदै गएको बताएका थिए।

# गुडविल फाइनान्स लिमिटेडको साधारणसभा सम्पन्न




**काठमाडौं/मस** - गुडविल फाइनान्स लिमिटडको २७ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। साधारण सभा जुम मिटिङमार्फत सम्पन्न भएको गुडविल फाइनान्सले जनाएको छ। जुममार्फत भएको साधारणसभामा कम्पनीका अध्यक्ष विश्व प्रकाश साखः ले आव ०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

फाइनान्सले निक्षेपतर्फ गत आवको तुलनामा १८ दशमलब ८४ प्रतिशतले वृद्धि गरी १०,०९,३९,८४,९९७ तथा कर्जा तर्फ १५ दशमलब ६८ ले वृद्धि गरी ७,९१,३३,८९,६८० पुऱ्याएको छ। साथै संस्थाका अध्यक्ष साखः ले प्रस्तुत गरेको आव ०७७/०७८ को आय व्यय विवरण तथा उक्त आवको नाफाबाट ९ दशमलब १ प्रतिशत बोनस शेयर तथा ३ दशमलब ९ प्रतिशत नगद लाभांश गरी जम्मा १३ प्रतिशत वितरण गर्ने प्रस्ताव सर्वसम्वत रुपमा पारित गरेको छ।

# नेप्सेमा उच्च अंकको वृद्धि

**काठमाडौं/रासस** - धितो पत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक पुस २९ गते पनि उच्च अंकले वृद्धि भएको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार कारो बार मापक नेप्सेमा ५४ दशमलब १२ अंकले उकालो लागेर दुई हजार ८ सय ५७ दशमलब ७५ मा पुगेको छ।

यस्तै ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ८ दशमलब ९४ अंकले वृद्धि भइ ५ सय ३० दशमलब ८३ मा पुगेको छ। कूल २ सय २४ कम्पनीको एक करोड १८ लाख ३४ हजार २१६ कित्ता सेयर ६ अर्ब ६६ करोड ९७ लाख ४८ हजार ५ सय ६८ मूल्यमा खरिद बिक्री भए। आजको कारोबारपछि बजार पूँजीकरण ४० खर्ब ३७ अर्ब १२ करोड ७२ लाख २० हजारको हाराहारीमा पुगेको छ।

कारोबार भएका १३ उपसमूहमध्ये आज अन्य उपसमूहको मात्रै सेयर मूल्यमा गिरावट देखिएको छ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुविधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

## संक्षिप्तमा अर्थ

### नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको २४औं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं/मस** – नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको २४औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। विहीबार बैंक सञ्चालक समितिका अध्यक्ष उपेन्द्रकेशरी न्यौपानेको सभापतित्वमा बैंकको साधारणसभा सम्पन्न भएको हो।

उक्त साधारण सभाले आर्थिक वर्ष ०७७/७८ को मुनाफाबाट ८ प्रतिशत बोनस सेयर र सो बोनस सेयर जारी गर्दा लाग्ने कर प्रयोजनको लागि चुक्ता पूँजीको ० दशमलब ४२ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको छ। सभाबाट पारित ८ प्रतिशत बोनस सेयर वितरण पश्चात बैंकको चुक्ता पूँजी ११ अर्ब १३ करोड ९६ लाख ७८ हजार १४ पुग्ने भएको छ। बैंकको साधारण सभाले आर्थिक वर्ष ०७८/७९ को लेखापरीक्षण कार्यका लागि प्रधान एण्ड शाक्य एसोसिएटस्, चार्टर्ड एकाउन्टेन्टलाई लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय पनि गरेको छ।

बैंकले आर्थिक वर्ष ०७७/७८ मा ११० अर्ब ८० करोड निक्षेप परिचालन गरी ९८ अर्ब ३२ करोड खुद कर्जा प्रवाह गरेको छ। साथै उक्त आर्थिक वर्षमा कर तथा बोनस पछि १ अर्ब ३३ करोड खुद मुनाफा आर्जन गरेको छ। देशैभर शाखा सञ्जाल फैलिएको एनसीसी बैंकले ७ वटै प्रदेशमा गरी १ सय ३७ शाखा १२ वटा एक्स्टेन्सन काउन्टर र १ सय १४ वटा एटिएम वुथहरु सञ्चालन गरी ग्राहकहरुलाई सेवा प्रदान गर्दै आएको छ।

### नबिल र बंगलादेश बैंकबीच एक्विजिसन सम्झौता




**काठमाडौं/मस** - नबिल बैंक र नेपाल बङ्गलादेश बैंकबीच एक्विजिसन सम्बन्धी प्रारम्भिक सम्झौता सम्पन्न भएको दुवै बैंकले जनाएका छन्। ०७८ पौष २९ गते सम्पन्न दुवै बैंकको सञ्चालक समितिको बैठकबाट उक्त एक्विजिसन (प्राप्ति) सम्बन्धी सम्झौता सर्वसम्मतिले पारित गरेका थिए। एक्विजिसन सम्बन्धी प्रकृया अगाडि बढाउनका लागि नबिल बैंकको तर्फबाट सञ्चालक उदय कृष्ण उपाध्यायको संयोजकत्वमा सञ्चालक आशा राणा अधिकारी र अनन्त पौड्याल सदस्य र नेपाल बङ्गलादेश बैंकको तर्फबाट सञ्चालकहरु मोहम्मद शाल आलम सरवर, इन्द्र बहादुर थापा, सञ्चालक श्री अमन शाह र सदस्य सचिव मा नबिल बैकका प्रमुख वित्त अधिकृत मनोज ज्ञवाली रहने गरी संयुक्त मर्जर/एक्विजिसन कमिटी बनेको थियो।

नबिल बैंकले नेपाल बङ्गलादेश बैंकलाई प्राप्ती गर्नको लागि भएको समझदारी पत्र अनुसार नेपाल बङ्गलादेश बैंकको १०० कित्ता शेयर बराबर नबिलको ४३ कित्ता हुने गरी शेयर आदानप्रदान अनुपात (स्वाप रेसियो) कायम भएको जनाएका छन्। उक्त प्रारम्भिक शेयर आदान प्रदान अनुपात सम्पत्ति दायित्व मूल्याङ्कन प्रतिवेदनको मूल्याङ्कन लाइ समेत आधार मानी अन्तिम रुपमा तय हुने जनाइएको छ। सम्झौतापत्रमा नबील बैंकको तर्फबाट उदय कृष्ण उपाध्याय र नेपाल बङ्गलादेश बैंकका तर्फबाट सञ्चालक श्री इन्द्रबहादुर थापाले हस्ताक्षर गरेका थिए।

दुबै बैकले नेपाल राष्ट्र बैंक ले मर्जर तथा प्राप्तिलाई प्रोत्साहन गर्ने गरी लिएको नीति र बैंकहरु को दिर्घकालीन रणनैतिक योजना समेत लाई मध्यनजर गर्दै सम्झौता गरेर अघि बढेका छन। ब्राण्ड का हिसाबले अग्रणी स्थानमा रहेको नबिल बैंकले गैरकोषमा आधारित व्यवसायमा अग्रणी नेपाल बङ्गलादेश बैंक लाई प्राप्ति पश्चात नबील बैंक बाणिज्य बैंकहरुमा सबै सुचकांक हरुमा अग्रणी हुने विश्वास छ लिइएको छ। बैंकहरुले प्राप्ति कार्य पाँच महिना भित्र सम्पन्न गर्ने लक्ष्य लिएका छन। नबिल बैंक ले नेपाल बङ्गलादेश बैकलाई प्राप्ति पश्चात बैकको प्राथमिक पुंजी ४३ अर्ब चुक्ता पुंजी २२ दशमलब ५ अरब र कर्जा रकम ३०० अर्ब हुनेछ। त्यस्तै निक्षेप रकम ३१४ अर्ब हुने जनाइएको छ। गैरकोषमा आधारित व्यवसायको आकार १३० अर्ब माथी हुनेछ। शाखा संजाल तत्कालै २ सय ३५ पुग्नेछन्।

### विशाल बजारको सेयर रजिष्ट्रारमा प्रभु क्यापिटल नियुक्त



**काठमाडौं/मस** - विशाल बजार कम्पनीले सेयरको काम गर्नका लागि प्रभु क्यापिटललाई सेयर रजिष्ट्रारमा नियुक्त गरेको छ। नियुक्ति सम्बन्धि सम्झौता पत्रमा विशाल बजार कम्पनीका प्रबन्ध सञ्चालक गगनबहादुर बिके र प्रभु क्यापिटलको तर्फबाट प्रमुख व्यापार अधिकृत बासु थपलियाले हस्ताक्षर गरेका छन्।

२०७८ माघ १ गतेदेखि लागू हुने गरी विशाल बजार कम्पनी लिमिटेडले प्रभु क्यापिटल लिमिटेडलाई शेयर रजिष्ट्रारमा नियुक्त गरेको हो। शेयर राजिष्ट्रारको रुपमा प्रभु क्यापिटलले विशाल बजार कम्पनी लिमिटेडको धितोपत्र कारोबार सम्बन्धी अभिलेख राख्ने, दाखिला खारेजी गर्ने, नामसारी तथा रोक्का राख्ने एवं शेयरधनीहरुको लगत अद्यावधिक गर्ने लगायतका कार्यहरु गर्नेछ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**